# प्रदेश सभा

## गण्डकी प्रदेश
## चौथो अधिवेशन
## कार्यवाहीको सम्पूर्ण विवरण
## (सत्ताईसौं बैठक)
## मितिः २०७६/०३/१९ गते  दिनको १२.०० बजे

प्रदेश सभाको चौथो अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख नेत्रनाथ अधिकारीको अध्यक्षतामा बिहीबार दिनको १२.२१ बजे प्रारम्भ भयो ।

### माननीय सभामुख

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरु, अब म अब माननीय आर्थिक मामिला तथा योजनामन्त्री श्री किरण गुरुङले मिति २०७६ साल असार ५ गते सभा समक्ष प्रस्तुत गर्नु भएको विनियोजन विधेयक, २०७६ माथिको बाँकि छलफल प्रारम्भ हुन्छ । माननीय सदस्यहरु, सर्वप्रथम म, माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङलाई मिति २०७६ साल असार १८ गते विनियोजन विधेयक, २०७६ को  छलफलको क्रममा आफ्नो मन्त्रालयसंग सम्बन्धित विषयमा उठेका प्रश्नको जवाफ दिन अनुमति दिन्छु ।

### माननीय आर्थिक मामिला तथा योजनामन्त्री श्री किरण गुरुङ

सभामुख महोदय, विनियोजन विधेयक, २०७६  छलफलको क्रममा हामी अन्तिम अन्तिम अवस्थामा आईपुगेका छौँ  र विनियोजन विधेयक, ०७६ को  छलफलको क्रममा आर्थिक मामिला तथा योजना मन्त्रालयसँग सम्बन्धित रहेर र सिङ्गो ०७६/०७७ को बजेट विनियोजनसंग पनि सम्बन्धित रहेर अब उठेका केही महत्वपूर्ण सवालहरुमा केन्द्रीत हुँदै म आफ्नो भनाई राख्न गैरहेको छु । सर्वप्रथम त म यहाँ अनुरोध गर्न चाहन्छु विनम्र अनुरोध गर्न चाहन्छु । हजार खोक्रा शब्दहरु भन्दा पनि तथ्यमा आधारित त्यही तथ्यगत कुराहरुनै काफी हुन्छन् । त्यसैले म सबभन्दा पहिला म यहाँहरुले राख्नुभएको जिज्ञासा सुझाव प्रश्नहरुको समग्र हिसाबले मैले उत्तर दिने प्रयत्न गरिरहको छु । पहिलो त हामीले बजेट वक्तव्य हामीले प्रस्तुत गर्यौं त्यसको सैद्धान्तिक छलफल पनि समाप्त भयो र त्यसपछी विनियोजन विधेयक, २०७६ हामीले टेबल गर्यौं र त्यो छलफलको क्रम अहिले पनि चलिरहेको छ र म सबै माननीयहरुले महत्वपूर्ण सुझावहरु राख्नु भएको छ । यसको निम्ति सबै माननीयहरुलाई म हार्दिक धन्यवाद दिन चाहन्छु र यहाँहरुको सुझाव भोलि आगामी दिनहरुमा र यो बजेटलाई कार्यान्वयन गर्ने पक्षमा महत्वपूर्ण सहयोग पुग्नेछ भन्ने  विश्वास पनि म यहाँहरुलाई  दिलाउन चाहन्छु र सब भन्दा पहिला मैले अलिकति माननीयहरुको ध्यान आकर्षण गर्न चाहन्छु । के हामीले जुन बजेट वक्तव्य हामीले पेश गर्यौं र त्यसको अनुसूचिको रुपमा हामीले बजेट वक्तव्यको पछाडी अनुसूचिको रुपमा हामीले केही अनुसूचिहरु राखेका छौं र यो यहाँ राखिएका जुन अनुसूचिहरु छन् र ति अनुसूचिहरु भनेका खास गरेर यो आय व्ययको विवरण अनुसुचिको रुपमा राखिएको छ त्यस्तै गरी १ मा अनुसूचि १ मा त्यस्तै गरेर

अनुसूचि २ मा राजस्व तथा अनुदान प्राप्तिको विवरण हामीले त्यो राखेका छौँ । अनुसूचि ३ मा कार्यगत व्यय अनुमान पनि हामीले राखेका छौँ । अनुसूचि ४ मा मन्त्रालयगत व्यय अनुमान राखेका छौँ । त्यस्तै गरेर अनुसूचि ५ मा खर्च शिर्षकगत व्यय अनुमान र अनुसूचि ६ मा लैङ्गिक उत्तरदायी बजेट अनुसारको व्यय अनुमान भनेर हामीले राखेका छौँ र बजेट भनेको सिङ्गोसाङ्गो रुपमा हामीले बजेट भनेर बुझ्दाखेरी यही नै हो । यी अनुसूचिहरु बजेटको यो ०७६र०७७ को आर्थिक वर्षको बजेटको यो अङ्गहरु हुन् । यस बाहेक हामीले यसको साथसाथै रातो पुस्तक जसलाई नेपालमा हामीहरुले के भन्ने गरेका छौँ भने त्यसलाई रातो पुस्तक भनेर हामीले भन्ने गरेका छौँ । त्यो रातो पुस्तक भनेको जहाँ हामीले संगसंगै पेश गरेका छौँ र त्यसमा व्यय अनुमानको सारांश चालु पूँजिगत प्रदेश संचितिकोष माथिको व्ययभार प्रदेश संचितकोष बाट विनियोजन हुने यो आँकडा हामीले राखेका छौँ । त्यस्तै गरेर दोश्रो प्रदेश संचित कोषबाट विनियोजन हुने अनुमान कोषको सारांश मन्त्रालय अन्तर्गत चालु, पूँजिगत, स्थानीय तहलाई हस्तान्तरण गर्ने अनुदानहरु, त्यस्तै गरेर ३ नम्बरमा एकीकृत खर्च तथा वित्तिय बजेट अनुमान, प्रदेश व्यवस्थापिका, मुख्य न्यायधिवक्ता, मुख्य मन्त्री लाइन आइटमको खर्च अनुमानको भनेर हामीले त्यो राखेका छौँ र त्यसको पनि अनुसूचि रहेको छ त्यो अनुसूचि भनेको १ मा कार्यगत व्यय अनुमान यो सामान्य सार्वजनिक सेवा, शान्ति सुरक्षा, आर्थिक मामिला, वातावरण संरक्षण, स्वास्थ्य शिविर, स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षासंग सम्बन्धित त्यस्तै गरेर खर्च विवरणमा खर्च शिर्षकगत तलब, भत्ता, महशुल, पूँजिगत सम्पत्ति, कार्यालय सामान, कार्यक्रम खर्च र यस्तै खालको विविध कुराहरु हामीले राखेका छौँ र त्यसमा हामीले अर्को लैङ्गिक उत्तरदायी बजेट भनेर प्रत्येक मन्त्रालयको बजेटलाई प्रत्यक्ष लाभ अप्रत्यक्ष लाभ कति छ र त्यसको तटस्थ कति छ भन्ने कुरा पनि त्यो विवरण खुल्ने गरेर हामीले रातो पुस्तकमा प्रकाशित गर्ने गर्छौं र हाम्रो यो परम्परै यही रहेको छ र बजेट भन्दाखेरी बजेटसंग भएका वक्तव्यसंग रहेका अनुसूचिहरु र त्यसपछी रातो पुस्तकमा दिईएका तथ्य तथ्याङ्कहरु छोटोमा भन्दा त्यो विवरणहरुनै यो बजेटको अङ्ग हुन् । यस बाहेक हामीहरुले यहाँ छलफलमा भनिरहेको रातो पुस्तक रातो पुस्तक हैन । बारम्बार हामीले रातो पुस्तकमा यो त्यो भनेर हामीले भनिरहेका छौँ त्यो रातो पुस्तक हैन त्यसलाई वार्षिक कार्यक्रम भनेर भनिन्छ र त्यो वार्षिक कार्यक्रमको पुस्तिका हो र त्यसमा सामान्यत पूँजिगत कुराहरु त्यहाँ राखिएको छैन र खास गरेर कार्यक्रमहरु विकास निर्माणका कार्यक्रमहरु राखिएको छ र यो र अहिले त्यो विभिन्न जिल्लामा अब हाम्रो विभिन्न मन्त्रालयको विभिन्न कार्यालयहरु छन् जिल्ला स्तरका कार्यालयहरु छन् इकाइहरु छन् र त्यस्तै गरेर अनि विभिन्न अब मन्त्रालय देखी लिएर अब महानिर्देशकको कार्यालय निर्देशकको कार्यालय भन्ने विभिन्न खालको अब कार्यालयहरु छन् त्यो कार्यालयहरुको त्यसमा खर्च हुने र त्यो खर्च विवरण त्यसमा अब त्यो राखिन्छ । जसलाई हामीले अब यो पि वान भनेर पनि भनिन्छ र माथी पनि संघमा अहिले आएर यो पि वान भन्ने यो वार्षिक कार्यक्रम पुस्तिका निकाल्ने चलन छ । पि टु भनेर निकालिन्थ्यो त्यो पि टु भनेको जिल्लागत हिसाबले छुट्टाएकोलाई पि टु भनेर भनिन्थ्यो त्यो पुस्तिका जिल्ला जिल्लामा के के पर्यो भन्ने कुरा त्यहाँबाट थाहा पाउँन सकिन्थ्यो र त्यो गर्दाखेरी सबै कुराहरु त्यहाँ कुन कुन महत्व दिने हो क-कसलाई राख्ने हो भन्ने कुरा त्यही एउटा मन्त्रालयले पनि ध्यान दिएर त्यसलाई प्रकाशन गर्ने कुरा हो र अब कुन कुन राख्ने धैरै राख्दाखेरी त्यो अब ठूलो पुस्तिका हुने त्यसलाई हेर्न पनि अप्ठ्यारो हुनि भएको कारणले गर्दाखेरी कतिपय सवालमा त्यसलाई सेलेक्टिभ ढङ्गले निकाल्ने प्रचलन पनि रहेको छ माथी संघमा र अहिले आएर केही वर्ष भयो र अहिले आएर त्यो पुस्तिका अहिले प्रकाशन गर्ने अब त्यो जुन पहिलाको परम्परा थियो त्यो परम्परालाई अहिले त्यो प्रकाशित गरिदैंन तर हामीले अहिले यस पटक गर्यौ र यसरी गर्दाखेरी केही

प्रश्नहरु उठे । ति कतिपय कुराहरु अब छुट भयो भन्ने कुरा रह्यो। खास गरेर प्रमुख प्रतिपक्षको तर्फबाट अब एउटा नैतिक सवालको रुपमा एउटा संवैधानिक सवालको रुपमा यो अब त्रुटीपूर्ण छ भन्ने कुराहरु भएको कारणले गर्दाखेरी अब यहाँ उठ्यो

उठी सकेपछी हामीले के ठान्यौँ भने के हामीले प्रतिपक्षले उठाए पछि सवाल जुनसुकै होस ठूलो होस या सानो होस प्रतिपक्षले उठाए पछी त्यसलाई महत्व दिनुपर्छ । त्यसलाई हामीले सम्मान गर्नुपर्छ भोलि आएर त्यो विषयवस्तु ठूलो थियो या सानो थियो भोलि गएर त्यो मूल्याङ्कन गर्ने कुरा जनताका कुरा हुन् । आम नेपालीहरुले अर्थात प्रदेशवासीहरुले त्यसलाई मूल्याङ्कन गर्नेछन् । सत्तापक्षले के गरेको छ प्रतिपक्षले के गरेको छ सत्तापक्षले कुन इसुलाई महत्व दिएको छ । प्रतिपक्षलाई कसलाई दिएको छ भन्ने कुराहरु त त्यो आम कुराहरु भए त्यो जनताले मूल्याङ्कन गर्ने कुरा हो तर प्रतिपक्षले उठाई सकेपछी त्यो सानै किन नहोस् त्यो ठूलो पनि हुन सक्छ सानो पनि हुन सक्छ अर्थात त्यो एउटा असमझदारी खालको पनि  हुन सक्छ त्यो विभिन्न हुन सक्छ र प्रतिपक्षले उठाएपछी त्यसलाई हामीले सम्मान गर्नुपर्छ । प्रतिपक्षको आवाजलाई सुन्नुपर्छ भनेर हामीले अनि प्रतिपक्षसंग हामीले बस्यौँ कुराकानी गर्यौ र हामीले त्यसलाई स्पष्ट पार्यौ र यसले फेरी के भयो त भन्दाखेरी  अर्को शंका उब्जायो के अब प्रतिपक्ष  मुख्य प्रतिपक्षसंग हामी बस्यौँ कुराकानी गर्यौ उहाँहरुले सवाल उठाउनु भयो र फेरी अरु प्रतिपक्षमा रहेकाहरुले पनि अब उठाउनु भयो  कि कतै अब रातारात बसे अनि बसिसकेपछि चोर दुलोबाट अनि विभिन्न कार्यक्रमहरु घुसाए कार्यक्रमहरु पारे आदि इत्यादी भन्ने एउटा शंका र एउटा भ्रम श्रृजना भयो । मलाई लाग्छ मैले अघिनै भनेकी हामीले त्यो रातो पुस्तकमा जुन दिन हामीले बजेट यहाँ पेश गर्यौ पेश गरिसकेपछी जुन हाम्रो एउटा बजेट प्रणाली छ त्यो बजेट प्रणालीमा इन्ट्री भएका अर्थात त्यसबेला इन्ट्री भएर पनि प्रकाशन गर्नका निम्ति छुट भएका अर्थात त्यसबेला बजेट वक्तव्यमा कस्तो हुन्छत भन्दाखेरी बजेट वक्तव्य भनेको फेरी त्यो बजेट प्रस्तुत गर्नेले कुन कुन कुरालाई हाईलाईट गर्ने हो कुनकुन कुरालाई कुनकुन अब रकमलाई हाईलाईट गर्ने हो कुन विषयलाई हाईलाईट गर्ने हो भन्ने कुरा त त्यो बजेट निर्माण गर्ने अर्थात अब सरकारको कुरा हो । सबै कुराहरु जे जति हामीले जुन क्षेत्रमा जुन सेक्टरमा जुन कार्यक्रममा जति रकम छुट्टाइएको छ सबै कुरा बजेटमा पर्नुपर्छ भन्ने होईन । त्यो भनेको बजेट वक्तव्यमा के हुन्छ त भन्दा महत्वपूर्ण कुराहरुलाई महत्वपूर्ण लागेका कुराहरुलाई त्यो रकम धेरै छुट्टाएर मात्रै पनि हुँदैन तर कुनै कार्यक्रम रकम थोरै छ तर महत्वपूर्ण कुरा हुन भनियो भने त्यस्तालाई बजेटमा हामीले वक्तव्यमा राख्छौँ र त्यो भन्छौँ र यसरी भन्दाखेरी कतिपय त्यसमा के हुन्छ त पर्यटन भनिसके पछि धेरै कुराबारे त्यहाँ पर्यटनका विभिन्न आईटमहरु हुन सक्छन् । कार्यक्रमहरु हुन सक्छ शिर्षकगत कार्यक्रम हुनसक्छ ति कार्यक्रमहरुलाई एक ठाउँमा राखेर यति करोड भयो अर्थात यति भयो भनेर हामीले जुन भन्छौँ त्यो भन्दाखेरी त्यसलाई जोडेर ति अंकहरुलाई जोडिएको हुन्छ र त्यो जोडिएको पनि फेरी ठीक छ की छैन भन्ने कुरा अघि मैले भनेकी त्यो अनुसूचि र रेडबुकमा त्यो रातो पुस्तकमा त्यहाँ तपाईहरुले राम्रोसंग हेर्नुभयो अध्ययन गर्नुभयो भने त्यहाँ मिलेको छ की छैन त्यसलाई हेर्ने हो आधार बनाउने हो । अब हामीले मलाई लाग्छ त्यो हामीले त्यसो गरेका छैनौँ रातो पुस्तक हेर्ने हामीले कष्ट पनि गरेका छैनौँ । मलाई लाग्छ त्यहाँ साच्चिकै मिलेको छ की छैन यो विषयगत खर्चहरु त्यो रातो पुस्तकमा मिलेको छ कि छैन अर्थात त्यहाँ बोलिएका बजेट वक्तव्यमा त्यहाँ बोलिएका कुराहरु त्यसका  अनुसूचि अनुसार त्यो मेल खान्छ की खादैन ? रातो पुस्तकमा दिईएको अनुसार हुन्छ की हुँदैन ? यदि हुँदैन भने त्यो ठूलो त्रुटी हुन्छ तर यदि त्यो मिल्छ भने मलाई लाग्छ  अरु कुराहरु भनेका अब त्यो प्रकाशन गर्नका निम्ति छुट हुन सक्छन् । वक्तव्यमा त्यो छुट हुन सक्छ कसैको अब  लेख्ने हुन्छनि बजेट वक्तव्य तयार गर्दाखेरी अब विभिन्न मान्छेका आ(आफ्ना शैली पनि हुन्छ । आफ्नो मन्त्रालयको आफ्नो खालको शैली पनि हुन्छ । कसलाई दिने कसलाई नदिने भन्ने कुरा पनि हुन्छ त्यो आफ्नो कुरा हो । त्यसमा ठूलो कुरा होईन त्यसकारणले गर्दाखेरी त्यो जुन भ्रम परेको छ कि रातारात केही गरियो थपियो भन्ने कुरा त्यो शत प्रतिशत गलत हो त्यो थप्न पनि मिल्दैन । जुन दिन यहाँ बजेट वक्तव्य प्रकाशित यहाँ बजेट वक्तव्य पढ्नु भन्दा अगाडि हामीले बाह्र बजे राती अघिल्लो दिनको रातीनै हामीले त्यो जुन प्रणाली छ बजेट प्रणाली छ त्यो प्रणालीलाई हामीले लक गरेका हुन्छौँ । त्यसरी लक नगर्ने हो भने त बजेट त हामीले बनाउनै सक्दैनौँ त्यो त प्रेशर आईरहन्छ । भोली आईरहन्छ पर्सी आईरहन्छ अनि त्यो मिल्दैन । हिसाब जम्मै मिलाउन पर्ने हुन्छ । अघि मैले

भने जुन अनुसूचि छ वक्तव्यमा दिईएको अनुसूचि छ त्यो अनुसूचिसँग मिल्नुपर्ने हुन्छ। त्यस्तै गरेर रातो पुस्तकसंग त्यो मिल्नुपर्ने हुन्छ। हामीले यता कार्यक्रम थप्न मिल्दै मिल्दैन केही गर्नै मिल्दैन त्यसकारणले गर्दाखेरी त्यो लक भएको हुन्छ र त्यसमा छुटेका हामी बसेर प्रतिपक्षसंग बसेर त्यसबेला कतिपय कुरा हो हामीले त्यो प्रकाशन गर्नका निम्ति छुट भएका कुराहरुलाई हामीले पछिल्लोमा त्यसलाई फेरी समावेश गरेका छौँ र त्यस भन्दा अरु खालको कुनै खालको रहेको छैन । त्यसमा अन्यथा अब नसोच्दा हुन्छ भन्ने म अनुरोध गर्न चाहन्छु र अब यो अब यो बजेटको हामीले अब यो सातवटा प्रदेश सातवटा प्रदेशले बजेट पेश गरेको छ र त्यसमा हामीले अब तुलना गर्दाखेरी गण्डकी प्रदेशको बजेट र अरु प्रदेशहरुको बजेटलाई तुलना गर्दाखेरी म केही कुराहरु गर्न चाहन्छु र सात वटा प्रदेश मध्येमा पूँजिगत रुपमा खर्च ६२ करोड ए ६२% ६२% गण्डकी प्रदेशको रहेको छ । त्यसो भएर हामी के भन्न सक्छौँ त भन्दा अरु प्रदेशको भन्दा यो प्रदेशको बजेट राम्रो छ । यस अर्थमा पनि हामी भन्न सक्छौँ र त्यसमा अर्को ६२% कर्णाली प्रदेशले पनि यो पूँजिगत खर्चनै गरेको छ र हामीले के गर्दैछौँ त भन्दा ६२% त्यो हामीले गरेका छौँ र अर्को ८% हामीले स्थानीय तहलाई पनि त्यो हामीले अनुदान भएपनि हामीले अनुदान दिएपछी त्यो चालुमा जान्छ तर वास्तवमा स्थानीय तहलाई हामीले जुन ८% दिएका छौँ त्यो ८% भनेको फेरी त्यो सबै पूँजिगत हो । त्यो खर्च पूँजिगतमा हुन्छ चालुमा त्यो हुँदैन त्यसले गर्दाखेरी अरुमा त्यस्तो रहेको छैन । त्यसकारणले गर्दाखेरी पनि सबै भन्दा बढी पूँजिगत खर्च गर्ने प्रदेशको रुपमा हामीले यो बजेटलाई प्रस्तुत गरेका छौँ र त्यस्तै गरेर अब यो समन्यायिक भयो की भएन समावेशी भयो की भएन अब लैङ्गिक भयो की भएन हैन महिला मैत्री भयो की भएन भन्ने सन्दर्भमा पनि अब धेरै उठ्ने गर्छ । अब यसमा यो यो सिस्टमले निकालेको हो फेरी यो हामीले आफ्नो ढंगले निकालेको होईन त्यो अहिलेको त्यो बजेट प्रणाली भन्ने जुन छ एलएमविआइएस भनेर भनिन्छ र त्यो सिस्टमले निकालेको त्यसले निकाल्दा अब हाम्रो गण्डकीको अरु प्रदेशको भन्दा सबै भन्दा अब यहाँ प्रदेश नम्बर १ को त त्यो छदै छैन । २ को पनि छैन त्यसरी उसले गरेकै छैन ३ नम्बरको १४% छ प्रत्यक्ष अनि त्यस पछी २८ अप्रत्यक्ष अनि ५८ तटस्थ भनेर भनिएको छ। गण्डकीको प्रत्यक्ष ६६% अप्रत्यक्ष २९ तटस्थ जम्मा ५% मात्रै रहेको छ त्यस्तै गरेर अब प्रदेश नम्बर ५ को प्रत्यक्ष १४ अप्रत्यक्ष ३५ तटस्थ ५० रहेको छ । त्यस्तै गरेर कर्णालीको प्रत्यक्ष ३९ अप्रत्यक्ष १८ तटस्थ ४३ सुदुरपश्चिम प्रत्यक्ष ५१ अप्रत्यक्ष ४४ र तटस्थ ५ रहेको छ । यसबाट पनि के प्रष्ट हुन्छ त भन्दा अन्य प्रदेशको भन्दा लैङ्गिक उत्तरदायी बजेटको रुपमा हाम्रो प्रदेशको रहेको छ । त्यस्तै गरेर एउटा हामीले अब यो बजेटको बारेमा मैले यहाँ भन्नुपर्ने यो हामीले अब आन्तरिक स्रोत परिचालन गरेर बजेट बनाउने सन्दर्भमा हामीले अब १०% १०% आन्तरिक स्रोतबाट हामीले यो बजेट ल्याएका छौँ र यसरी हेर्दाखेरी अहिले अब आन्तरिक स्रोत परिचालन गर्ने कुरामा अब प्रदेश नम्बर २ सबैभन्दा अगाडि देखिन्छ। त्यसपछि आएर प्रदेश नम्बर ३ देखिन्छ अनि प्रदेश नम्बर ५ देखिन्छ । त्यसपछि अब गण्डकी प्रदेश अब हाम्रो प्रदेश रहेको छ र अहिले आएर अब यस अर्थमा पनि मैले एउटा महत्वाकांक्षी बजेट भनिराखेको छु र त्यो महत्वाकांक्षी भनेको हामीले १०% जुन आन्तरिक श्रोत अर्थात कर राजस्व संकलन गर्ने गरी हामीले जुन बजेट हामीले ल्याएका छौँ त्यो एउटा महत्वाकांक्षी छ किनकी हाम्रो त्यो पूर्वाधारहरु हिजोका आधारहरुलाई हेर्दाखेरी अहिले आएर यो अब कठीन देखिन्छ तर त्यो असम्भव हैन सम्भव छ फेरी त्यो भन्दा बढी पनि हामीले गर्न सक्छौँ तर अहिले सम्म हाम्रो आधार नभएको कारणले गर्दाखेरी अल्लि अप्ठेरो जस्तो देखिएको हो । यसकारणले गर्दाखेरी पनि यो बजेट अहिले हामीले अब यो बजेटलाई हामीले अब हेर्ने हो भने मलाई लाग्छ सबैभन्दा प्रदेशमा अहिले सम्म सात वटा प्रदेश मध्यमा सबै भन्दा राम्रो बजेटको रुपमा यो रहेको छ । धेरै प्रतिक्रियाहरु पनि आएको छ धेरै ठाउँबाट पनि आएको छ । सबै कुरालाई सम्बोधन गरेको छु भन्ने कुरा आएको छ। जसरी पूँजिगत रुपमा यसले खर्च गर्नुपर्ने पूर्वाधार क्षेत्रलाई जसरी यसले महत्व दिनुपर्ने यसरी महत्व अरु कुनै पनि प्रदेशले दिएको पाईदैन र हामीले त्यस्तो क्षेत्रहरुमा जुन क्षेत्रहरुमा सामाजिक सुरक्षा

काहाँ क्षेत्रहरुमा जाहाँ हामीले अनुदान दिनुपर्ने क्षेत्रहरु र त्यो ठाउँमा हामीले बजेट छुट्टाएका छौँ होईन भने हामीले अरु सबै कुराहरुमा मितव्ययी ढङ्गले चालुतर्फ मितव्ययी हुँदै हामीले पूँजिगत खर्चलाईनै हामीले महत्व दिएर यो बजेट हामीले पेश गरेका छौँ र अब अब यति भनेपछि मलाई लाग्छ अब धेरै कुराहरु भनिरहन पर्छ जस्तो मलाई लाग्दैन म सबै माननीयहरुलाई के अनुरोध गर्न चाहन्छु त भन्दा बजेट भनेको सरकारले बनाउने हो। नमिठो नमान्नुहोला बजेट सरकारले बनाउँछ र त्यो बजेट सरकारकै हो यसमा हामी प्रष्ट हुनु जरुरी हुन्छ र सरकारले कसरी बनाउँछ र सरकारको आफ्नो विङ्सहरु हुन्छन् । आफ्नो कार्यालयहरु हुन्छ आफ्नो ईकाईहरु हुन्छ । त्यो ईकाईहरुलाईनै आधार मानेर नै बजेट आउने हो त्यसैले म प्रतिपक्षका माननीयहरुलाई पनि अनुरोध गर्न चाहन्छु कि यो बजेट बनाउँदाखेरि हामीले प्रतिपक्ष भनेर हामीले हेरेकै छैनौँ। हामीले सत्तापक्ष भनेर पनि हामीले हेरेकै छैनौँ सत्तापक्षका माननीयहरुलाई पनि लाग्ला मैले भनेको एउटा पनि परेन प्रतिपक्षका माननीयहरुलाई लाग्ला मैले भनेको पर्दै परेन जम्मै सत्तापक्षले भनेका माननीयहरुले भनेका मात्रै आयो भन्ने लाग्ला तर अब सत्तापक्षको पिडा पनि होला के वहाँहरुले पनि हामीले त धेरै कुरा भनेका थियौँ खै त परेन भन्ने कुरा होला तर यसरी सत्तापक्ष र प्रतिपक्ष हेरेर यो बजेट बनाईएको छैन । संयोगवश माननीयहरुले भनेका र लेखेर दिएका कुराहरु परेका हुन सक्छन् कतिपय कुराहरु कतिपय नपरेका पनि हुन सक्छन् । त्यसकारणले गर्दाखेरी हामीले के गर्नुपऱ्यो त भन्दाखेरी हामी माननीय भनेको मैले धेरै पटक भनेको छु हामी विधि निर्माता हौँ नीति निर्माता हौँ विधि निर्माता हौँ हामी विधायिका हौँ यसमा हामीले गर्व गर्न सक्नुपर्छ । मैले दिएको योजना पऱ्यो परेन भनेर रातभरी नसुत्ने गर्नुपर्छ जस्तो त मलाई लाग्दैन मलाई निंदै आएन भन्ने किन तपाँई नीति बनाउने हो विधि बनाउने हो नीति र विधि बनाउने हो राम्रो नीति बनाउने हो हामीले राम्रो विधि बनाउने हो कानून बनाउने हो विधान बनाउने हो अनि त्यस पछी आएर अब त्यसलाई कार्यान्वयन गर्ने भनेको सरकारले हो । त्यो संसारभरी त्यहीनै हुन्छ त्यसले गर्दाखेरी अब हामीले त्यस्तो सोच्नुभएन र प्रतिपक्षले कहिल्यै पनि यस्तो सोच्नु भएनकी हाम्रै कारणले गर्दाखेरी प्रतिपक्ष भएका कारणले गर्दाखेरी हामीले भनेका गरेका होईन गरेको छैन भन्ने खालको सोच्न पनि हुँदैन । दुई तिहाईको दम्भ भनेर पनि भन्नुभाछ हामीले दुई तिहाईको दम्भ देखाएकै छैन। दुई तिहाईको दम्भ के का निम्ति देखाउने हामीलाई निरङ्कुस हुनु छैन हामीलाई तानाशाही हुनु छैन हामीले त यही गण्डकी प्रदेशको विकासलाई अगाडि बढाउने कुरा न हो मलाई लाग्छ अहिले आएर हामीले हेर्ने हो भने सबै जिल्लामा सबै योजनाहरु क्रमागत योजनाहरु सबै क्रमागत योजनाहरु हिजो परेका सबै योजनाहरु क्रमागत ढङ्गले अगाडि बढनु पर्छ भन्ने हैन त्यो मान्यता पनि हामीले लिनु हुँदैन हिजो परेथे खोई त अहिले त्यस्तो पनि होईन कुन कुन कुरालाई हामीले अगाडि बढाउनु पर्छ क्रमागत ढङ्गले अगाडि बढाउनु पर्छ बहुवर्षिय ढङ्गले अगाडि बढाउनु पर्छ । त्यो सम्बन्धित मन्त्रालयको सम्बन्धित कार्यालयहरुलेनै हेर्ने हो अनि कार्यालयहरुले बजेट बनाउन पनि नपाउने कार्यान्वयन गर्न नपाउने हो भने अनि त्यस पछी अब कसरी सरकार चल्छ त्यसले गर्दाखेरी यो कुराहरु म सबै माननीय सदस्यहरुलाई अब बुझ्न अनुरोध गर्दछु । की कतै पनि तपाईहरुले आफूलाई हिनताबोधनै नगर्नुस हिजो पञ्चायत कालमा के हुन्थ्यो त भन्दाखेरी अब सबै नीति निर्माता जम्मै दरबारबाट बन्थ्यो त्यसबेला के भयो त भन्दा राष्ट्रिय पञ्चायतका सदस्यहरु यस्तै विकासका निर्माणका कामहरु गर्ने विकासे कार्यकर्ताहरु भयो । त्यही सोच र त्यही मानसिकता सदैं हामीमा आएको हो । यो भन्दा अगाडि हामीले भन्यौँ अझै एकदमै विधायिका व्यवस्थापिका संसद भनेर अझै नाममा पनि हामीले जोड दियौँकी हिजोको त्यो पञ्चायत कालको त्यो मानसिकता त्यो सोचलाई फाल्न सकिन्छकी भनेर हामीले त्यसो भन्यौँ तर भन्दा भन्दै पनि अब हामीले हाम्रो भूमिकालाई हामीले अब बुझ्नु पर्छ जस्तो मलाई लाग्छ । त्यसकारणले गर्दाखेरी कसैले चिन्ता गर्नुपर्दैन । जहाँ हामीले छुट्टाएका छौँ हिजोको हामीसंग हिजोको अनुभवले एक वर्षमा हामीले जुन अनुभव गर्यौँ एक वर्षमा हामीले जुन कामहरु गर्न प्रयत्न गर्यौँ त्यो प्रयत्न गर्दाखेरी हामीले जे कुरालाई थालनि गरेर जे हामीले उपलब्धिहरु प्राप्त गरेका थियौँ त्यही उपलब्धिमा टेकेरनै हामी बजेट अगाडि बढाउने हो त्यसले गर्दाखेरी त्यो हामीले एउटा प्रगति विवरण पनि हामीले पेश गरेका छौँ जुन दिन हामीले बजेट पेश गर्यौँ त्यही दिन प्रगति विवरण मन्त्रालयको प्रगति विवरण पनि हामीले पेश गर्यौँ तर यहाँ कतिपय माननीयले के भन्नुभयो

त भन्दा खोईतनि अब त्यो के भयो कति भयो काहाँ काम भयो भन्ने कुरा सोधेको सोध्यै गर्नुहुन्छ यहाँ ड्यासमा आएर वहाँहरुले दोहोऱ्याउनु हुन्छ । जुन दिन बजेट पेश गरिएको थियो त्यही दिन प्रगति विवरण भनेर त्यहाँ पेश गरिएको थियो । मलाई लाग्छ माननीयहरुले त्यो अध्ययन गर्नुस तेलाई सिरानी नहाल्नुस त्यसले गर्दाखेरी तपाँईहरुले अध्ययन गर्नुपर्यो। बोल्न पर्ने हो बोल्ने प्रयत्न गर्दाखेरी तपाईहरुले अध्ययन पऱ्योकी हामीले जे बुझेका छौँ त्यो सबै कुरा अन्तिम होईन है हामीले बुझ्न धैरै कुराहरु छन् । धैरै राम्रो ढङ्गले बुझेर मात्रै बोल्दाखेरी मलाई लाग्छ त्यो हामीले यो प्रदेशलाई अगाडि बढाउन सक्छौँ । सबभन्दा ठूलो कुरा नीति र विधिले हामीले यो प्रदेशलाई अगाडि बढाउने हो । नीति र विधिले अगाडि बढाउन सकियो भने कसैले केही गर्न सक्दैन। कुनै मन्त्रालयले कुनै कर्मचारीले केही गर्नै सक्दैन कसैले केही भनेर हुँदैन । त्यसकारणले गर्दाखेरी हामीले त्यस्तो सोच्यौँकी साच्चिकै हामीले कसरी गर्ने यदि हैन सबै माननीयहरुले भने अनुसारनै हामीले बजेट बनाउने हो भने त हाम्रो बजेट कस्तो बन्छ ? तनहुँ गैसकेपछी किरण गुरुङको जस्तो बजेट बन्ने आशाको क्षेत्रमा आएपछी आशा माननीय आशा कोईरालाको जस्तो बजेट बन्ने उता गएपछी माननीय रामबहादुरको जस्तो बजेट बन्ने अनि त्यहाँको सरकारले के गर्ने सरकारको विङ्सहरुले के गर्ने त्यसरी बजेट बनाउँन सकिदैन । त्यस्तो नर्म्स पनि हुँदैन संसारभरी हुँदैन संसारभरी नभएको कुराहरुलाई हामीले अब खोज्नु पनि हुँदैन । त्यसले गर्दाखेरी मलाई लाग्छ जे हो हामीले महत्व दिने हामीले माग गर्दाखेरी पनि अब महत्वको हिसाबले हाम्रो अधिकार क्षेत्रभित्रको हिसाबले हामीले त्यसलाई पनि ध्यान दिन सक्नु पर्छ र त्यस्तै गरेर अब यो अब केही कुराहरु यो आर्थिक मामिला मन्त्रालयसंग सम्बन्धित रहेर अब केही कुराहरु उठेका छन् । जस्तो राजस्व परिचालन सम्बन्धि जनचेतना तथा अभिमुखीकरण तालिम यो साठ्ठी लाख छुट्टाई यो बढी भयो भन्ने कुरा छ । त्यसमा यो प्रदेश सरकारको निकाय र स्थानीय तहलाई समेत यो अभिमुखीकरण तालिमको आवश्यकता परेको छ । केही न केही हामीले जोड दिने मैले भने अब राजश्व परिचालनलाई हामीले जोड दिएनौँ भने अनि परनिर्भर खालको हामीले जहिले पनि बजेट हामीले लिएर नै आउने हो भने मलाई लाग्छ हामीले केही गर्न सक्दैनौँ । संघीयता असफल हुन्छ प्रदेश असफल हुन्छ । त्यसकारणले गर्दाखेरी हामीले कसरी हुन्छ राजश्व परिचानलन गर्नुपर्छ त्यसको निम्ति प्रदेश सरकारका निकायहरु अहिले धैरै निकायहरु बनेका छन् । हिजोको अवस्थामा थिएन यो भन्दा अघिल्लो आर्थिक अहिलेको यो चालु आर्थिक वर्षलाई हेर्ने हो भने हामीसंग त्यत्रो अङ्गहरु पनि थिएनन् निकायहरु थिएन । अहिले आएर धैरै निकायहरु भएका छन् र स्थानीय तहहरु पनि छन् त्यसका निम्ति हामीले साठ्ठी लाख मलाई लाग्छ त्यो धैरै हैनकी त्यो अझै पनि थोरै हुन्छ जस्तो लाग्छ र त्यस्तै गरेर अहिले यो बजेट तर्जुमा तथा निर्माण सम्बन्धि अभिमुखिकरण तालिम भनेर भनियाछ त्यो माथीको अलि बेग्लै खालको यो तल्लो फेरी यो अहिले बजेट निर्माणसंग सम्बन्धित हो । अहिले सम्म स्थानीय तहहरुले व्यवस्थित ढङ्गले वैज्ञानिक ढङ्गले अहिले सम्म उनिहरुले बजेट ल्याउन सकिराखेको अवस्था छैन ।

हिजो एउटा संघ संस्थाले जसरी वार्षिक प्रतिवेदन बुझाउँथे जस्तो बजेट बनाउँथे त्यही खालको बजेट बनाएर अहिले काम चलाई राखेको अवस्था स्थानीय तहको रहेको छ । त्यसले गर्दाखेरी स्थानीय तहलाई अब बजेट कसरी निर्माण हुन्छ कसरी निर्माण गर्नुपर्छ भन्ने कुराहरुमा उनिहरुलाई प्रशिक्षित गर्नुपर्छ भनेर र त्यो आर्थिक मामिला मन्त्रालय अन्तर्गतनै त्यो रहेको हुँदा हामीले अब यसको निम्ति भनेर यो तालिमका निम्ति भनेर १५ लाख हामीले विनियोजन गरेका हौँ र अहिलेको यो बजेटको जुन बजेट प्रणालीको जुन सुत्र छ अब त्यही आधारमा उनिहरुलाई तालिम दिने कुरा पनि हो र त्यस्तै गरेर हामीले अर्को यही यसलाई हामीले छुट्टाछुट्टै गरेका छौँ र अर्को भनेको हामीले यो मन्त्रालय अन्तर्गत पनि हामीले त्यो आवश्यकता हामीले महशुश गरेका छौँ र अहिले पनि अब यो बजेट इन्ट्रि गर्दाखेरी अब कुनै कुनै ठाउँमा त्यो शिर्षक मिलिराखेको छैन जहाँ इन्ट्रि गर्नुपर्ने त्यो ठाउँमा नभएर अर्को ठाउँमा पनि इन्ट्रि भैराखेको छ । त्यसकारणले गर्दाखेरी यसका निम्ति पनि मन्त्रालय मन्त्रालयका विभिन्न जुन निकायहरु छन् ति निकायहरुलाई पनि अब बजेट इन्ट्रि गर्दाखेरी  कसरी इन्ट्री गर्ने कसरी बनाउने भन्ने कुरा तलदेखि नै अब हामीले प्रशिक्षण नदिने हो भने भोलीका दिनहरुमा पनि त्यस्तै अवस्था रहने हुँदा र अहिलेको यो पहिलो पटक हामीले अहिलेको यो बजेट प्रणाली जुन सिस्टम छ त्यो सिस्टम हामीले पहिलो पटक हामीले प्रयोग गरेका छौँ र अब यसलाई सबैलाई प्रशिक्षित गर्नुपर्छ भनेर त्यसमा २० लाख हामीले विनियोजन गरेका हौँ । त्यसपछी अर्को यो उद्यमी व्यवसायीहरुलाई अनि पेशाविदहरुलाई अब यो अब के को तालिम भन्ने कुरा पनि भो यो तालिम दिनको पनि रकम छुट्टाएको रहेछ । अब उनिहरुलाई किन तालिम दिनुपर्‍यो भन्ने कुरा पनि भएको कारणले गर्दाखेरी अब यसमा हामीले के हो त भन्दाखेरी कतिपय उद्यमीहरु व्यवसायीहरु पेशाविदहरुलाई पनि उनिहरुलाई वित्तिय साक्षरता अर्थात वित्त सम्बन्धि कर तिर्नका निम्ति अहिले आएर एप्सको विकास गरिएको छ । सिधै हामीले विद्युतिय प्रणाली मार्फतनै हामीले कर तिर्न सकिने अवस्था वनाईएको छ तर पनि धेरै उद्यमी व्यवसायीहरु अब उनिहरु यस प्रति अनभिज्ञ छन् त्यति मात्रै हैन हिसाब किताब कसरी राख्ने अडिट कसरी गर्ने र अडिटका पनि धेरै समस्याहरु आएका छन्। हिसाब कसरी राख्ने भन्ने कुराहरुमा पनि धेरै समस्या आएका कारणले गर्दाखेरी र हामीले अब केही होला केही जानेका पनि होलान उद्योग व्यवसायीहरु धेरै नजानेका धेरै मध्यम स्तरका धेरै ब्यापार व्यवसाय गर्नेहरु ठूलै कारोबार गर्नेहरुले पनि आफ्नो हिसाब किताब राख्न नजानेका कारणले गर्दाखेरि विभिन्न समस्याहरु कानूनि समस्याहरु कानूनि झमेलाहरु व्योहोर्नु परेको हुँदा वहाँहरुलाई पनि केही प्रशिक्षित गर्नुपर्छ भनेर हामीले यो राखिएको हो । मलाई लाग्छ यो कुनै पनि यो पारदर्शि बनाउनका निम्तिनै यो राखिएका काम हुन् । यो कुनै कर्मचारीहरुलाई ख्वाउनका निम्ति कही निकालेर त्यसरी गर्नका निम्ति भनेर यो राखिएको कार्यक्रम होईन यो अत्यन्त आवश्यक कार्यक्रम भएको कारणले गर्दाखेरीनै महशुश गरेर यो अर्थ मन्त्रालयले यो कुरालाई अगाडि बढाउनु पर्छ त्यति मात्रै होईन हिजो माननीय सदस्य विन्दु कुमारले पनि उठाउनु भएको थियो । बैङ्कका सम्बन्धमा विभिन्न अब चर्को ब्याजका सम्बन्धमा  त्यस्तै गरेर बिमादेखी लिएर विभिन्न पूँजिगत लगानीका धेरै क्षेत्रहरु छन् ति क्षेत्रहरुलाई पनि व्यवस्थित कसरी गर्न सकिन्छ र के गर्न सकिन्छ भन्नका निम्ति हामीले यो बजेट विनियोजन गरिएको हो । त्यसले गर्दा अनावश्यक ढङ्गले अब एउटा गोष्ठी प्रबचन गोष्ठी गरेर सक्नका निम्ति भनेर अब यो राखिएको हैन । यो म स्पष्ट पार्न चाहन्छु अब यो अब हिजो ठेक्का अब यिनै कुराहरु भए । म धेरै अब यहाँ भन्न अब चाहिन र म अन्तमा यहाँहरु सबैलाई धन्यवाद दिन चाहन्छु र एउटा कुरा भन्न चाहन्छु के हामीले हामीलाई मन परेन अर्थात हामीले भने जस्तो मैले भने जस्तो भएन भन्दैमा हामी दुःखीत हुनुपर्ने हुँदैन र यहाँ अब कसैले अब यो अब फेसबुकमा यो मैले पारे भनेर पनि त्यो प्रचार प्रसार गरिरहेको छ एकातिर हैन फलानाका कारणले फलानाको कारणले गर्दाखेरी यति यति यति बजेट यो यो जिल्लामा यसरी परेको छ भन्ने पनि आईराखेको छ फेरी अब यहाँ आउँदाखेरी फेरी अब सन्तुष्ट कोही पनि हुनुहुन्न सन्तुष्ट किन हुनुहुन्नत भन्दाखेरी आफूले भने अनुसार भएन बस त्यति मात्रै हो तर अरु हिसाबले त्यही जिल्लामा त्यही क्षेत्रमा बजेट विनियोजन नभएको होईन जुन कुरालाई जुन सडकलाई महत्व  दिनुपर्छ त्यही सडकलाई  महत्व दिईएको छ । होला माननीय सदस्यज्यूहरुले अब एउटा सडक भन्नु भएको थियो होला अर्को सडक भन्नुभएको थियो होला

अब अर्को सडक पर्न सक्छ त्यो आफ्नो ठाउँमा छ र यसमा हामी मलाई सबै माननीय सदस्यहरुलाई म के भन्न चाहन्छु त भन्दा हामी दुःखीत नहोउ हामीले आफ्नो जिम्मेवारी आफ्नो कर्तव्य आफ्नो कार्यक्षेत्र हामीले त सिकाउने हो हाम्रो कार्यक्षेत्र हामीले बनाएको नियम विधि विधान हामीलेनै बनाएका छौँ । त्यो कसैले अरुले बनाई दिएको होईन सरकारले बनाईदिएको पनि होईन यहीनै पास भएर बनेको विधि विधान हो । त्यो विधि विधान अनुसार सरकार छ छैन छैन भने खबरदारी गर्नुपर्छ । हैन भने मलाई लाग्छ प्रतिपक्षको धर्म निर्वाह गर्ने हिसाबले हामीले अब बिरालो बाध्न हुँदैन । म यो अनुरोध गर्न चाहन्छु । कोक्याउन सक्छ कोक्यायो भन्दै जे पायो त्यही टोक्न पनि हुँदैन । हामी कही बहीरहेका छैन कसैले बाढीले हामीले लछार पछार लगेर बाढीले हामीलाई लगिरहेको छैन । जे पायो त्यही समात्ने भिरबाट हामी खसिरहेका छ जे पाएछ त्यही समातेर हामीले तेलाई उचाल्नु पर्ने उछाल्नु पर्ने मलाई लाग्छ म त्यस्तो देख्दिन । हामीले टेक्ने हामी रहने हामीले गर्ने एउटै थलो मनको बाघले खानु हुँदैन म भन्छु धेरै धेरै हाम्रालाई हाम्रा अब माननीयहरुलाई अब मनको बाघले खाएको छ। म अनुरोध गर्छु की हामी यसमा राजनीतिकरण अब यो प्रतिपक्ष भएको कारणले गर्दाखेरी विभेद गरिएको हो । यो दुई तिहाईको दम्भ हो भन्ने कुरो यो मनको बाघ हो । अरु केही होईन त्यसो भएर म अनुरोध गर्न चाहन्छु के हामीले त्यस्तो गरेका छैनौँ । बजेट बनाउँदाखेरि सत्तापक्ष पनि हामीले भनेका छैनौँ प्रतिपक्ष पनि भनेका छैनौँ । माननीय भनेर माननीयहरुले जे जे भने त्यही त्यही गर्नुपर्छ भनेर पनि हामीले भनेका छैनौँ । त्यसमा पनि हाम्रा माननीयहरुलाई मत्रै गर्नुस अरुको नगर्नुस हामीले भनेकै छैन । मलाई लाग्छ अरु कुनै पनि मन्त्रालयबाट त्यस्तो भएको छैन र मैले अब यिनै कुराहरु अनुरोध गरे र यहाँहरु सबैलाई धन्यवाद दिन चाहन्छु । हस त धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब म विपक्षी दलका नेता माननीय श्री कृष्णचन्द्र नेपाली पोख्रेलले विशेष समय माग गर्नुभएकोले आफ्नो भनाई राख्नको लागि अनुमति दिन्छु।

## माननीय श्री कृष्णचन्द्र नेपाली पोख्रेल

सभामुख महोदय, गण्डकी प्रदेश सरकारद्वारा प्रस्तुत बजेट र त्यो बजेटमा आधारित वार्षिक कार्यक्रम आदिमा मन्त्रालयगत छलफल निरन्तर चलेको अवस्था छ र मलाई लाग्छ अझै पनि मुख्यमन्त्रिजी कार्यालयको बाँकीनै छ । यस सन्दर्भमा माननीय सभासद साथीहरुले धेरै कोणबाट आ(आफ्ना कुराहरु राख्नुभाको छ । सत्तापक्ष प्रतिपक्ष सबैले र एउटा निश्चित रुपमा एउटा विन्दुमा पनि पुग्दैछ जस्तो लाग्छ । यी कुराहरु तर्फ भन्दा पनि पहिला सभामुख महोदय, म आज केही समसामयिक कुराहरु तर्फ म जान चाहन्छु । अनुमति चाहन्छु सबभन्दा पहिले सभामुख महोदय, नेपालको इतिहाँसमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि जति आन्दोलनहरु भए हजारौँ नेपालीहरुले साहदत प्राप्त गरे त्यसैको परिणाम मुलुकले एउटा दुई तिहाई बहुमत सहितको सरकार पायो । सभामुख महोदय, यद्यपी मेरो पार्टी नेपाली कङ्ग्रेस अहिले प्रमुख प्रतिपक्षको रुपमा हामी यहाँ छौँ र केन्द्रमा पनि छ । केन्द्रीय सरकारले जो दुई तिहाई बहुमत लिएर आईसकेपछी जनताहरुको जुन एउटा चाहना थियो आकांक्षा थियो जुन कुरालाई लिएर ने.क.पा.ले त्यतिखेर जनमत माग्यो यी सबै कुराहरुलाई हेर्दै गर्दा हामीले पनि विश्वास गरेका थियौँ की राजनीतिक अस्थिरताको कारणले कुनै पनि पार्टीको बहुमत प्राप्त सरकार नभएको कारणले वा पुरा नचलेको कारणले मुलुक अगाडि बढेन । यस अर्थमा अब नेपाल अगाडि बढ्छ भन्ने कुरामा हामी पनि पोजेटिभ थियौँ । एक वर्ष सम्म एउटा जिम्मेवार प्रतिपक्षको हैसियतले हामीले हेर्‍यौँ सभामुख महोदय, यो सरकारले के गर्‍यो कति गर्‍यो भन्नु भन्दा पनि यो

एक वर्षमा आम नेपालीले के सोच्यो अपेक्षा गरे अनुसार के पायो र दुई तिहाईको बहुमतको सरकारले के गऱ्यो भन्ने समिक्षा गर्ने हो भने राजनीतिक आग्रह र पूर्वाग्रहलाई छोड्ने हो भने कुनै पनि यस्तो क्षेत्र छैन जसले यो भनोस् कि दुई तिहाईको सरकारले सकारात्मक काम गरेको छ । पाईदैन सभामुख महोदय, यति हुँदाहुँदै पनि हामीलाई कहाँनिर हामी सतर्क भयौँ सभामुख महोदय, भने सरकार बन्नासाथ यसै पनि दुई तिहाईको सरकार त्यसै पनि शक्तिशाली सरकार त्यसमाथि प्रधानमन्त्री कार्यालयमा विभिन्न विभागहरु राख्ने काम भयो । सभामुख महोदय, त्यतिखेर पनि हामीले भनेका थियौँ लोकतन्त्र भनेको चेक एण्ड ब्यालेन्स पनि हो लोकतन्त्र लोकतान्त्रिक सरकार बलियो सरकार भनेको एउटा व्यक्ति वा एउटा कार्यालयमा अधिकार थुप्रनु हैन त्यो भनेको सबै संवैधानिक अङ्गहरु स्वतह रुपमा चलुन । आ-आफ्नो कार्यक्षेत्र भित्र सक्रिय रहुन अनि मात्रै त्यो लोकतन्त्र अगाडि बढ्छ तर त्यहाँ भएन । सभामुख महोदय, सतर्कता केन्द्र त पहिल्यै देखी थियो राष्ट्रिय अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग, सम्पत्ति सुदृढिकरण आयोग, महान्यायधिवक्ताको कार्यालय आदि यिनिहरुलाई प्रत्यक्ष प्रधानमन्त्रीको कार्यालय अन्तर्गत राखिदै गर्दा हामीलाई शंका लागेको थियो र पनि नेपाली जनताको चेतना नेपाली नेपालका राजनीतिक दलहरुको लोकतन्त्र प्रतिको प्रतिवद्धतालाई हेरेर हामीले त्यसलाई पनि हामीले के सोच्यौँ भने यो सकारात्मक रुपमै हामीले हेऱ्यौँ तर पछी गएपछी सभामुख महोदय, काहाँबाट गयो भन्दाखेरी लोकतन्त्रको प्रमुख खम्बाको रुपमा रहेको लोकतन्त्रमा चौथो अङ्गको रुपमा रहेको र लोकतन्त्रको एउटा वाच डगको रुपमा रहेको मिडिया सञ्चार जुन सञ्चारको सक्षमतामा लोकतन्त्र निर्भर गर्छ । त्यो सञ्चारलाई कन्ट्रोल गर्ने शुरुवात भयो सभामुख महोदय, शुरुवात काहाँबाट भो भन्दाखेरी मिडिया काउन्सिल विधेयक ल्याईयो मिडिया काउन्सिल विधेयक ल्याईयो मिडिया काउन्सिललाई यस्तो बनाईयो त्यो विधेयक अनुसार यस्तो हुने बनाईएको छ की सरकारको एउटा अङ्गको रुपमा रहनेछ। यस अर्थमा हाम्रो त्यहाँ विमति रह्यो हाम्रो दलले त्यसलाई विरोध गऱ्यो । हाम्रो दलले मात्रै हैन सम्पूर्ण सञ्चार जगतले पत्रकार महासंघ त आन्दोलनमै छ । यो विधेयकको विरोध हुँदाहुँदै सरकारले त्यसलाई सच्चाउने कुरो या त्यसलाई सरोकारवालासँग बसेर गफ गर्ने कुरो त टाढै गए । सभामुख महोदय, त्यसपछि फेरी अर्को विधेयक आयो सभामुख महोदय, यो विद्युतीय कारोबार विधेयक त्यो जबरजस्ति पास पनि भयो र त्यो विद्युतीय कारोबार ऐन जुन छ त्यहीनै सञ्चारको लागि यो नियन्त्रित गर्ने एउटा हतियार छ भन्ने कुरा हामीले उजागर गर्यौ र हामीले भन्यौ यो संविधानको धारा १७(२) र धारा १ को मर्म र व्यवस्था विरुद्ध छ भनेर हामीले भन्दै गर्दा त्यो आवाज सुनिएन त्यो विवादित ऐन अन्तर्गत सभामुख महोदय अहिले हालसालै एउटा फिलिमको समिक्षा गरे बापत दफा ४७ लगाएर प्रवेश गौतमलाई थुनियो पनि यो एउटा शुरुवात हो सभामुख महोदय, यो के छ भन्दाखेरि भोलि सरकारले कसलाई थुन्ने भन्ने कुरो यी ऐनहरु प्रयोग गर्दाखेरी हुन्छ सभामुख महोदय, यसको विरोध हुँदाहुँदै फेरी सरकारले अर्को एउटा विधेयक ल्याईदियो की जसलाई सूचना प्रविधिलाई व्यवस्थित गर्न बनेको विधेयक भनेर अर्को विधेयक आएको छ । सूचना प्रविधिलाई व्यवस्थित गर्न भनेर आएको विधेयक छ त्यो के व्यवस्थित छ भन्दा सभामुख महोदय, यसको ८६,८८ र ८३ दफा जुन छन् यी आपत्तिजनक छन् यसमा हाम्रो सहमति छैन र हामीले केन्द्रीय सरकारसंग सभामुख माननीय सभामुख महोदय, मार्फत हामी अनुरोध गर्न चाहन्छौँ । यो विधेयक फिर्ता लिईयोस किन लिईयोस भन्दाखेरी सभामुख महोदय, दफा ८६ मा त्यहाँ के छ भन्दाखेरी अश्लिल सामाग्री उत्पादन, संकलन, विवरण, प्रकाशन, प्रदर्शन, प्रसार वा खरिद विक्री गर्ने गराउनेलाई १० लाख सम्म वा ३ वर्ष वा दुबै कैद यो ८६ मा छ । ८८ मा सार्वजनिक सदाचार नैतिकता प्रतिकुल हुने कार्य गर्ने गराउनेलाई १५ लाख रुपियाँ वा ५ वर्ष वा दुबै कैद ८३ मा विद्युतीय प्रणाली प्रयोग गरी अरुलाई जिस्क्याउने होच्याउने अपमान गर्नेलाई १० लाख सम्म जरिवाना वा ५ वर्ष सम्म कैद वा दुबै भनेको छ । सभामुख महोदय, मैले किन भन्न खोजेको भने होच्चाउने जिस्क्याउने यहाँ अरु पनि ऐनहरु छन् गाली बेईज्जति आदि इत्यादि ऐनहरु छन् छुट्टै छन् विषयगत तर कसले कसलाई जिस्क्याउने के गर्दा जिस्क्याउने हो जिस्क्याउनेको पनि यहाँ कुनै परिभाषा

छैन । होच्याउनेको पनि परिभाषा छैन र विद्युतीय सामाग्रिमा हामीले भरखरै एउटा न्यूज पनि सुनेका थियौँ । निश्चत रुपमा अहिले कार्टुनको सवाल छ सामाजिक सञ्जालमा विविध तरिकाले विरोध गर्ने आ(आफ्नो तरिका हुन्छ। त्यसमा सम्बन्धितले मलाई गाली बेइज्जति कुनै कुराले गऱ्यो भने त्यो गाली बेइज्जति ऐन अन्तर्गत अदालतमा जाने स्वभाविक छ । सभामुख महोदय, तर सरकारलेनै नियुक्ति गरेको अदालत सूचना तथा प्रविधि अदालत जसको गठन सरकारले गर्छ जसका सदस्य अध्यक्ष सरकारले नियुक्ति गर्छ । अब सभामुख महोदय कुनै एउटा पत्रकारले कुनै एउटा प्रकाशन गर्यो मुद्दा लाग्यो हेऱ्यो सिद्धियो । सभामुख महोदय, यत्रो यही पत्रकार जगतले जसरी जनआन्दोलनमा वहाँहरुले हामीलाई साथ दिनुभयो र हामीले आज लोकतन्त्र स्थापना गर्यौ त्यो के यही बन्देजको लागि हो रु सभामुख महोदय, मैले सम्बन्धित मन्त्रालयको मन्त्रीज्यूको एउटा जवाफ पनि सुने वहाँले जवाफ दिदै गर्दा के भन्नुभयो भने नेपालको आफ्नो मौलिकता हो अरुको नक्कल गर्नपर्छ भन्ने केही जरुरत छ भन्ने सम्मको मैले सुने । सभामुख महोदय, लोकतन्त्रका मूल्य र मान्यताहरु विश्वव्यापी छन् यो कुनै एउटा देशको कुरो छैन लोकतन्त्रको मूल्य र मान्यता हिजो भएन भनेर हामीले मानव अधिकारको आवाज उठाएको यही ठाउँ हो । त्यसो भएको हुनाले यो संविधानको भावना मर्म र शब्दकै विरुद्ध गएर जुन विधेयकहरु आएका छन् यो सरकारले तुरुन्त वापस लिओस भन्ने केन्द्रीय सरकारसंग म सभामुख महोदय, मार्फत अनुरोध गर्न चाहन्छु । त्यति मात्रै हैन सभामुख महोदय, राष्ट्रिय मानव अधिकार आयोग राष्ट्रिय मानव अधिकार आयोग या राष्ट्रिय मानव अधिकारको फन्सनको विषयमा कामको विषयमा मैले यहाँ सम्मानित सदनमा भनिरहनु पर्दैन । हिजका दिनमा जब हामी लोकतन्त्रको लागि लडदै थियौँ जब तानाशाहको विरुद्ध लडदै थियौँ जब एकात्मक सरकारको विरुद्ध लडदै थिएम त्यतिखेर हाम्रा आवाजहरुलाई संरक्षण गर्ने हाम्रो हकहरुलाई संरक्षण गर्ने निकाय भनेको के थियो राष्ट्रिय मानव अधिकार आयोग आज त्यो राष्ट्रिय मानव अधिकार आयोग जसलाई जसलाई संविधानले स्वतन्त्र स्वायत्त सार्वजनिक संस्थाको रुपमा स्विकार गरेको छ । त्यसलाई सरकारको निकाय महान्यायधिवक्ताको अण्डरमा राख्ने दुस्शाहस गरेर त्यो विधेयक आएको छ। सभामुख महोदय, र यस विषयमा कानून मन्त्रीजीले त्यही कुरो भन्नुभयो की हाम्रो मौलिकता हो नेपालको मौलिकता हो । हामीले त्यो दिन पनि भुलेका छौँ छैनौँ जतिखेर पञ्चायतको नाईकेहरुले यो माटो सुहाँउदो हो हाम्रो मौलिकता हो भनेर हामीलाई भनेका कुराहरु पनि हामीलाई थाहा छ । त्यसो भएको हुनाले राष्ट्रिय मानव अधिकार आयोगलाई कुण्ठित गर्ने किसिमको जुन विधेयक छ त्यो कुनै पनि हालतमा त्यो अगाडि बढ्न हुन्न त्यसलाई फिर्ता लिईयोस भन्ने म अनुरोध गर्न चाहन्छु । त्यस्तै सभामुख महोदय, अर्को एउटा सेन्सेटिभ संवेदनशिल कुरो छ यो देशको सबै भन्दा संवेदनशिल र अहिले सम्म राजनीतिले बाट प्रभावित नभाको एउटा संस्था छ त्यो भनेको नेपाली सेना हो । नेपाली सेनाले हिजका दिनमा पनि जनतालाई साथ दिएको अवस्था छ । हामीलाई थाहा छ २०४ वर्षको राजतन्त्र नारायणहिटीबाट जादै गर्दा कुनै पनि सेनाले त्यो राजालाई साथ दिएनन् जसले गर्दाखेरी विश्वमै एउटा उदाहरण स्वरुप यहाँको राजतन्त्र समाप्त भएर गएको छ । त्यस विच त्यसको सम्बन्धि ऐन राष्ट्रिय सुरक्षा परिषद सम्बन्धि ऐन त्यो ऐन के छ भने कतिखेर सेना परिचालन गर्ने सेना परिचालन कसरी गर्ने भन्ने सन्दर्भमा अहिले आएको विधेयकमा सेनापतिको अनुपस्थितिमा क्याबिनेटले सञ्चालन गर्न सक्ने भन्ने उल्लेख भएर आएको छ । सभामुख महोदय, क्याबिनेट भनेको सिङ्गो प्रधानमन्त्री हो ? सभामुख महोदय, सिङ्गो प्रधानमन्त्रीले सेना परिचालन गर्न पाउँने गरेर जुन अधिकार ल्याईएको छ र यी जो आम संचारका साधनहरुलाई नियन्त्रण गर्न खोजिएको छ र यी सबै निकायहरुलाई आफ्नो अण्डरमा ल्याउन खोजिएको छ । यसको मतलब के भन्दाखेरी हामीलाई कही यसो भन्दै गर्दा त्यो दुई तिहाई भन्दै गर्दा यहाँ अर्को अर्थ पनि लाग्न सक्ला चसक्क पसक्कका कुरा पनि आउन सक्लान त्यो होईन । दुई तिहाईको बहुमतको सरकारले यो सबै अङ्ग आफ्नो भित्र ल्याउनुको पछाडि के एउटा प्रश्न चिन्ह छ ।त्यो लोकतन्त्रलाई राम्रो होईन यस अर्थमा म अनुरोध गर्न चाहन्छु की यो विधेयक फिर्ता आओस र अर्को हिजका दिनमा हामीले धेरै सह्यौँ । सभामुख महोदय, हिजो मुलुकले धेरै हत्या हिंसा आतङ्क सह्यो र निश्चित रुपमा अब नेपालले त्यो

आतङ्क र हत्या हिंसा सहन सक्दैन भनेर मलाई लाग्छ एउटा सहमतिका आधारमा मुलुक यहाँ आईपुगेको अवस्था छ । आउँदै गर्दा भन्नै पर्छ दुर्भाग्यको कुरो हो अझै पनि केही साथीहरु केही पार्टीहरु र खास गरिकन विप्लव समूह आज हतियार भूमिगत रुपमा गएको छ र सरकारले यो भूमिगत गएको पार्टीलाई वार्ताको मार्फत ल्याउनुको बदला अलिकति अगाडि बढेर प्रतिबन्ध लगाउने धरट गर्ने जुन कुराहरु भएको छ । तेलाई पनि म के सतर्क गराउन चाहन्छु भने हिजोको दिनमा हामीले अनुभव गरेका छौँ त्यो अनुभवबाट सिकौँ र एउटा सकारात्मक रुपमा थिनिहरुसंग वार्ता गरेर एउटा निकास निकालौँ र वहाँहरुलाई पनि म अपिल गर्न चाहन्छु जो भूमिगत हुनुभएको छ । अन्तिममा आउने समझदारीनै हो र मौकैमा आएर नेपालीका छोराहरुको धेरै रगत बगाउने दुस्साहस तपाईहरु पनि नगर्नुहोस् अनुरोध गर्न चाहन्छु र अर्को के भन्न चाहन्छु भने सत्तापक्षलाई निश्चित रुपमा जिम्मेवार हुनै पर्छ त्यो हामीलाई पनि थाहा छ । आज हतियार बोकेको व्यक्ति हतियार बोकेको व्यक्तिले यदि उल्टो हान्यो भने प्रहरीतिर आउन सक्छ तर यसले हान्छ की भनेर हान्न प्रहरीले पाउँदैन किनभने त्यो एउटा नियम हो राज्यको हान्दा पनि केही कुराहरु छन् । घुडा मुनि हान्ने कता हान्ने के हान्ने यी आफ्नै नियम छन् तर कष्टडिमा लिईसके पछी त्यो व्यक्ति चाहे जोसुकै होस त्यसलाई काउन्टर गर्न हुँदैन मैले किन भनिराखेको छु भने यो सत्ता पक्षकै साथीहरुले हिजो माथी सदनमा कुरो उठाउनु भएको छ की यो कुमार पौडेलको हात तिन तिन ठाउँमा भाचिएको छ तर काउन्टर भयो भनेर त्यसलाई सुनाईएको छ । त्यस्तै तिर्थराज घिमिरेको यो भन्दा पहिले एक महिना पहिले यही गैर न्यायिक हत्या चाहे जुनसुकै रुपबाट होस त्यो मान्य हुँदैन यो सभ्य समाजलाई यस अर्थमा त्यो नहोस भन्ने अनुरोध गर्न चाहन्छु । सभामुख महोदय, यति भनिकन अब म अलिकति हाम्रो यो विनियोजित विधेयकमा जो छलफलहरु भएका छन् मेरो यति मात्रै के भन्नु छ भने हुनत यहाँहरुलाई थाहा छ अहिले पनि सुदुर पश्चिममा बजेटमा छलफल हुन सक्या छैन । त्यहाँ सत्तापक्ष प्रतिपक्ष हैन सत्तापक्ष पनि सत्ताको विरुद्धमा छ तर हाम्रो प्रदेशमा निश्चित रुपमा छलफल भैसकेको अवस्था छ । टुङ्गिदै छ र हामीले एउटा जिम्मेवार प्रमुख प्रतिपक्षको दलले नाताले जे देख्यौँ त्रुटी चाहे कानूनि होस हाम्रो दृष्टिकोणबाट हामीले संवैधानिक कानूनि व्यवहारिक राजनीतिक भनेर हामीले भनेका थियौँ हामीले के औल्यायौं निश्चित रुपमा सरकारले त्यसलाई रेस्पोन्स पनि गर्यो । खास गरिकन मुख्य मन्त्रीजीले सरकार प्रमूखको हैसियतबाट वँहाले त्यसलाई सुन्नुभयो र यही रोष्ट्रममा वहाँले भन्नुभएको छ की केही त्रुटीहरु भएका छन् । त्रुटी हुन्छन् त्यसलाई सच्चाएर जानुपर्छ र आज हामी म धेरै नभनिकन हुनत अहिले भर्खर हाम्रो माननीय अर्थ मन्त्रीजीले बडो मिठो तरिकाले जवाफ दिनुभएको छ । वहाँ एकदम मजा हुवा पुरानो राजनीतिज्ञ वहाँले धेरै उपदेशात्मक कुराहरु दिएर जानुभएको छ तर व्यवहारिक रुपमा हेर्दै गर्दा निश्चित हामीलाई थाहा छ । यो हाउस भनेको कानून बनाउन आएको हो सबैलाई थाहा छ तर किन हामी योजना लिएर जान्छौँ । यदि मन्त्रीजी त्यता र अर्को गरी यता भएको भए के हुन्थ्यो भन्दा खेरी हामी राजनीतिक व्यक्ति हो । सिष्टमले काम गरेर एउटा पनि सिष्टम भन्दा विरुद्ध जादैन भने त्यो कुरो सिद्धियो कसैले मान्नु पर्दैन । होईन भने व्यवहारिकता के छ भने हामी प्रतिनिधि हो प्रतिनिधिहरु चाहे सत्तापक्षका हुन चाहे प्रतिपक्षका हुन हामी इलेक्सनबाट आएको हो । चाहे प्रत्यक्ष होस् चाहे समानुपातिक होस हाम्रा केही दायित्वहरु छन र त्यो दायित्वलाई सरकारले महशुश गरेर विकास निर्माणमा हाम्रो पनि भूमिका चाहिन्छ भनेर अहिले भर्खरै दुई करोड रुपियाँ विनियोजित भएको छ । यसको मतलब तपाईहरु विधान बनाउन आउनु भएको हो मजासँग विधान बनाउनुस बस्नुस डेभलपमेन्ट छ तपाईलाई के मतलव छ भन्ने किसीमको यदि सोच राख्ने हो भने त्यो त्यति व्यवहारिक हुँदैन । हुन त यो मुद्दा टुङ्गिसकेको छ किनभने मुख्यमन्त्रीजीले यही रोष्ट्रममा भनिसक्नु भएको छ र जो अवण्डाको विषयमा तपाईहरुलाई शंका छ विगतमा पनि त्यस्तो भएको हो तर केही भए होलान तो अबको दिनमा त्यो केही हुनेवाला छैन तपाईहरुको साथ र प्रतिपक्षहरु सहित भएर तेलाई हामीले कसरी बेटर गर्न सक्छम भनेर यहाँ प्रतिवद्धता आईसकेको अवस्थामा मैले धेरै लामो भन्नु छैन तर पनि मैले के भन्न चाहन्छु भने देखी राजनीतिक रुपबाट हामीहरु जहिले पनि सक्रिय छौँ त्यो भन्या

के रहेछ त विकास निर्माणसंग हामी एटेच छौँ र जहाँ सम्म प्रमुख प्रतिपक्षको भूमिकाको कुरो छ । यहाँ सबै साथीहरु मैले हेरे सत्तापक्षको एउटै देखीराछु शब्द फरक छ त्यो के छ भने यो बजेट निश्चित रुपमा महत्वाकांक्षी छ । मन्त्रीजीले भन्नुभयो महत्वाकांक्षी नराखी त हुँदैन वितरणमुखी पनि गरियो किनभने कतिपय केन्द्रले राखिदियो कति के भयो भन्नुभयो अब आवाजमा यतातिरको नरम उता अलिकति गरम आए होला सबैको त्यो सेन्स के हो भने सफ्टवेरमा पैसा नराखिदिएको भए राम्रो हुन्थ्यो भन्ने आशय मैले बुझेको छु र म एउटा भन्न चाहन्छु एक मिनेट मेरो जिल्लामा एक्सन एड भन्ने एउटा कार्यक्रम आयो त्यो भर्खर नेपाली काङग्रेसको पहिलो सरकार भएको बेलामा सत्र करोड रुपियाँ त्यहाँ आयो । त्यो बेलाको सत्र करोड आयो भनेपछी हामी बडो भाषण गर्दै हिडेम यो सत्र करोडले त अब पहाड आमूल परिवर्तन हुन्छ भनेर तर त्यो सत्र करोड काहाँ गयो भन्दा दुईटा बाख्रा कसैलाई दियाछ कसैलाई तालिम दियाछ कसैलाई पानी यस्तै गोष्ठी फोष्ठी गरेर सत्र करोड गयो सफ्टवेर भनेको त्यस्तो हो। त्यो सत्र करोडले यदि हामी सडक खनिदिन पाएको भए त्यो चेतना पनि आईसक्थ्यो जनताको रोजगारी पनि आफैले गर्थे यस अर्थमा यो सरकारले पनि कमसेकम त्यो लागोस भन्ने आशयबाट हाम्रा कुराहरु आएका छन् । अतः हामी शुभकामना दिन चाहन्छौँकी तपाईहरु सफल हुनुस अघिनै अर्थ मन्त्रीजीले कुरा राख्नुभाछ अरु प्रदेश भन्दा केही कुरामा हामी अगाडि छौँ । हामी किन साथमा छौँ भन्दा मलाई एउटा कुरा याद आयो इण्डियाको पार्लियामेन्टमा इण्डियामा नेहरुको पार्टीले जहिले पनि जितेको जित्यै हराउनै नसकिने भनेसी संयुक्त मोर्चा बनाएर रामनगर लैजा पहिलो पटक जितेर पार्लियामेन्टमा आउँदाखेरी एउटा बोल्दाखेरी उनले एउटा भाषण गरेका थिए के भनेका थिए भने नेहरुजी मै चाहता हुँ आप हजारौँ वर्ष जिओ । सबैनै दङ्ग परे यो लोइजा एकदम क्रिटिक्स छ नेहरु फेरी यो किन यसो भन्यो भन्दा त्यहीनेर उसले के भनेछ भने किन भन्दाखेरी नेपाली जनता भारतीय जनता त्यो बेलासम्म राजनीतिक रुपमा चेतनशिल हुन्छन् अनि नेहरुलाई रिप्लेस गर्छन् भनेर मैले भनेको भनेजस्तै मैले रिप्लेसको कुरो गऱ्या छैन यहाँ मैले के भन्याछु भन्दाखेरी यदि यो प्रदेशको डेभलप यदि हाम्रो सरकारले राम्रो काम गरेन भने र त्यो संघीयतालाई असफल बनाउने जो चेष्टा भैराखेको छ यदि यो सरकार असफल हुने हो भने भोलि संघीयता असफल हुन सक्छ । संघीयता असफल हुनी भनेको हामी पनि असफल हुनी हो । यस अर्थमा हामी एउटा डुङ्गामा छौँ भनेर हामीले भनेका छौँ । यसको अर्थ मलाई के हो भन्दाखेरी कुनै पनि विकास निर्माणका काम तर के हो भन्दाखेरी कतिपय कुरा व्यवहारिक कुराहरु छन् ति कुराहरुलाई जुन हिसाबले हामी अगाडि बढेका छौँ त्यसरी जाउँ र एउटा मैले जाँदाजाँदै के भन्न चाहन्छु भने प्रतिपक्षको नेताजीबाट आयो हुनत मन्त्रीज्यूहरुले जवाफ दिनुभो हामीले अवरोध गर्यौँ सदन अवरोध गरिसकेपछी सरकारले स्वतह के हो भनेर कुरो सोध्छ हामीले आफ्नो कुरा राख्नुपर्छ वार्ता हुन्छ । अब लेनदेन गऱ्यो रातारात भनेर पनि यो रोष्ट्रममा भाको कमसेकम त्यो कन्फ्यूजनमा बस्नु भएन किनभने देखी हाम्रो अधिकार भनेको प्रतिपक्षले आफ्नो आवाज बुलन्द गर्ने हो सरकारले सम्भव हुन्छ सम्बोधन गर्छ छैन भने सरकारले पनि भन्छ हामी पनि जिम्मेवार हो तर के हो भने एउटा इसु एउटा दलले उठायो सबैलाई राखेर गरेन अथवा हामीलाई पनि बोलाएन हो भन्ने किसिमको पनि यहाँ जो उद्गारहरु आएको थियो कमसेकम यसलाई अलिकति सोचौँ र अर्को के भने हामी पहिलो अभ्यासमा छौँ ।दोश्रो सदनमा हामी हिडिराखेका छौँ र यहाँ जे जति साथीहरुको अभिव्यक्ति आएका छन् बडो मिठेरी आएको छ । अलि नयाँ ढङ्गलेनि आएको छ र पार्लियामेन्टेरियनहरुले विनोदप्रिय व्यङ्गयात्मक सबै प्रयोग गरेका हुन्छन् र त्यसलाई निश्चित भाषा निश्चित मापदण्डको भित्र रहेर हामीले अगाडि गर्नुपर्छ किनभने यो हाउसको सफलता भनेको तपाई हाम्रो सफलता हो । त्यसो भएको हुनाले यीनै कुराहरु राख्दै र अब भविष्यमा विगतबाट सिकेर हामी अगाडि बढनु पर्छ र सरकारले जति कुराहरु प्रतिवद्धता जाहेर गर्छ मलाई पूर्ण विश्वास छ त्यो वहाँहहरुले फुलफिल गर्नुहुनेछ यीनै कुराहरु राख्दै बिदा हुन जान्छु। धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अबको छलफल विनियोजन विधेयक, २०७६ अन्तर्गत, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयसँग सम्बन्धित विभिन्न शीर्षकहरुमा छलफल हुने व्यहोरा जानकारी गराउँछु । छलफलमा भाग लिन चाहानुहुने प्रत्येक माननीय सदस्यलाई छलफलको लागि १० मिनेटको समय निर्धारण गर्दछु । समय भित्र आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु । सर्वप्रथम, माननीय सदस्य श्री रामजी प्रसाद बराल जीवनलाई  छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय श्री रामजी प्रसाद बराल जीवन

माननीय सभामुख महोदय, हामी बजेट विनियोजनको छलफलको अन्त अन्तमा आईरहेका छौँ । अस्वभाविक रुपमा यहाँ आफ्ना गहन विचारहरु धारणाहरु चित्त बुझ्े नबुझेका विषयवस्तुहरु पनि प्रस्तुत भएका छन् । अहिले भर्खरै प्रतिपक्ष दलको नेताको तर्फबाट पनि विषयवस्तु हामीले सुन्यौँ । मलाई के लाग्छ भने लोकतन्त्र भनेको के छाडातन्त्र हो ? लोकतन्त्र भनेको के मनपरीतन्त्र हो ? लोकतन्त्र भनेको के जे पनि गर्न पाईने हो र मैले त्यसरी बुझेको छैन । स्वभाविक रुपमा सरकारले विधेयकहरु ल्याउनु उसको अथरिटी हो अधिकार हो । त्यो विवेकमा कहीनेर त्रुटी छन् कहीनेर अपुगताहरु छन भने साँच्चै आफूलाई लोकतन्त्रको मसिया ठान्ने नेपाली कङ्ग्रेस अहिलेको प्रमूख प्रतिपक्ष दल बकैदा तालले सदनमा छलफल गर्न सकिदैन र तपाई छलफलमा ल्याउनै नदिने तपाई फिर्ता गर्न पर्छ भन्ने कुरा शायद लोकतन्त्रका हिसाबले कुन पाण्डुलिपिमा लेखिएको छ होला मैले प्रश्न गर्न चाहन्छु । यसर्थ साच्चै हामी लोकतन्त्रमा विश्वास गर्छौँ भने शायद तपाई हामीले सबैले बुझेका छौँ । चित्त नबुझेका कुराहरु सदनमा बहस गर्ने छलफल गर्ने र त्यसको निष्कर्ष र टुङ्गो लगाउने कुरा हो। मैले के बुझिरहेको छु भने सत्ताको छट्पटी लामो समय सम्म सत्ताको राँइ र दाँइ गरेको पार्टी अहिले सत्ता प्राप्त नहुँदाखेरी बेस्केरी कुण्ठा पैदा भएको त होईन ति कुण्ठाबाट निक्लेका अभिव्यक्तिहरु त होईनन् भन्ने मैले महशुश गरेको छु। स्वभाविक रुपमा हामी साच्चै लोकतन्त्रमा विश्वास गर्छौं भने अहिले जे गर्न खोजिएको छ त्यो त्यति वाञ्छनिय छैन त्यो लोकतन्त्रसित सङ्गति मिलेको छैन भन्ने मलाई लागिरहेको छ । सभामुख महोदय, हामी यो सम्मानित सभामा आर्थिक वर्ष ०७६र०७७को बजेट विनियोजन विधेयकको छलफलको अन्तमा छौं। सत्ता प्राप्तिको संघर्ष आन्दोलन जति पेचिलो र कठीन हुन्छ सत्ता प्राप्त सत्ता संचालन रक्षा र विकास गर्न त्यो भन्दा कैयौँ गुणा कठिन र पेचिलो हुने गर्दछ भन्ने दार्शनिक भनाई छ । अतुलनीय मूल्य चुकाएर प्राप्त भएको सत्ता संचालन गर्न सिपालु हुनै पर्दछ । पराजित वर्ग पुरानो राज्यसत्ताका नायक खलनायकहरु सकिएका मासिएका हुँदैनन सुसुप्त मात्रै भएका हुन्छन्। गुमेको सत्ता हत्याउन अनेक जालझेल षडयन्त्रसंग बहुरंगी मुकुण्डोधारी वस्त्र गेरु पहिरिने धृष्टता गरिरहेका हुन्छन् । नेपाली जनतालाई सुखी र मुलुकलाई समृद्ध तुल्याउँदै विश्व मानचित्रमा नयाँ नेपाल नँया नेपालको चिनारी दिने जिम्मेवारी पाएका हामी विच नेपाली मौलिकता बोकेको समाजवाद उन्मुख संघीयतालाई सुदृढ बनाउनु पर्छ र झिनै स्वरमा भए पनि खारेज गर्नुपर्छ भन्ने प्रवृत्तिहरु विचको टकराव क्रमशः पेचिलो बन्दै आएको छ । यसर्थ यतिबेला सत्तापक्ष प्रतिपक्षको मानसिकता भन्दा माथी उठेर साझा दस्तावेज संविधानमा सहमत हुनेहरु वीच अझै दहिलो एकता आजको आवश्यकता हो भन्ने मैले ठानेको छु । हाम्रो प्रदेशको सन्दर्भमा उपरोक्त भनाई मूल रुपमा लागू हुन खोजेको महसुश हुन्छ। खास गरी सरकारको नेतृत्व माननीय मुख्यमन्त्रीले असमझदारी अविश्वास पैदा हुन नदिन बडो सचेततापूर्वक देखिएका सानातिना बिमतिहरुलाई द्वन्दबादको कला प्रयोग गरी समाधान पनि गर्नुभएको छ । म धन्यवादको साथमा आभार प्रकट गर्दछु । मुख्यमन्त्रिको कार्यालयबाट सादा जीवन उच्च विचारको मान्यतालाई व्यवहारिक रुप दिने व्यवहारिक रुप दिने प्रयाश भैरहेको हामीलाई महशुश हुन्छ । जस्तै मुख्य सचिव निजि सचिव मातहतका कर्मचारी राजनीतिक सल्लाहकार सहितको बोलि बचन सरल जीवन व्यवहार आदि आदिबाट अनुभूति हुने गर्दछ । विविध प्रकारका सबल र दुर्वल पक्षहरुको बीचबाट एक वर्षको अनुभवबाट पैदा भएको चेतनामा एकत सम्बन्ध

नविनता र तिख्खारपन प्राप्त भएकै छ । यही तिख्खारपनको जगमा आर्थिक वर्ष ०७६र०७७को लागि आएका सिद्धान्त प्राथमिकता नीति कार्यक्रम बजेटको प्रकृति हेर्दा अहिले सम्म पुरानो राज्य सत्ताले गरेको अभ्यासमा केही सुधार र नयाँपन दिने कोशिश सहानिय भएपनि संघीयताको मर्म अनुरुप बनाउन काफी कोशिशको जरुरी देखिन्छ । वर्तमानको धरातलमा जे मेहेनत गर्नुभयो माननीय मुख्यमन्त्री अर्थमन्त्रीज्यू प्रमूख सचिवज्यू लगायत सबैमा धन्यवाद छ । आजको छलफल मुख्यमन्त्री कार्यालयमा विनियोजन गरिएको आर्थिकबारे भएको हुँदा जम्मा ३१ वटा शिर्षकमा विनियोजन गरिएको देखिन्छ । संघ सरकारको बाहेक खर्च शिर्षक हेर्दा आन्तरिक व्यवस्थापनमानै बढी हुने भएको हुँदा मितव्ययी बन्न खोजेको जस्तै लाग्छ बरु अझै पाहुना सम्मान सत्कारको शिर्षक छुटेछ की भन्ने मैले महशुश गरेको छु । त्यसै गरेर जिल्ला समन्वय समितिलाई अनुदान के को लागि होला भन्ने लागेको छ । एकीकृत प्रशिक्षण प्रतिष्ठान स्थापना के का लागि होला भन्ने मलाई लागेको छ । हामीले सामाजिक न्याय सहितको विगो र समानुपातिक विकास भनेका छौँ प्रदेशको स्थितिपत्र योजना आयोगको आधारपत्र तयार गर्दा पुरानो राज्यप्रणाली र विभिन्न एनजिओ आईएनजिओका त्थयाङ्क र विभिन्न आधारपत्रहरुमा आधारित हुन हुँदैन हाम्रो आफ्नै ताजा तथ्याङ्कमा आधारित हुन जरुरी छ । योजना छनौट गर्ने प्रक्रिया पनि नयाँ बनाउनु पर्दछ । हाम्रा मन र सोंचहरु म र मेरोमा सिमन्टेड भएका छन् । नातागोता भाइभतिजा र मन परेका मान्छेहरुको चित्त प्रशन्नता गरिदिने मान्यतामा योजना छनौट गर्ने प्रक्रिया एकात्मक राज्यको बासी अभ्यास हो । अब योजना छनौट गर्दा सरकारको नीति उद्देश्य अनुरुप जनप्रतिनिधिहरुको सहजिकरण नविन तथ्याङ्क र आधारपत्रको वरीपरी रहेर योजना आयोगलाई छनौट गर्ने फुल जिम्मेवारी दिने तरिका अवलम्बन गर्नुपर्दछकी भन्ने मलाई लागेको छ । मूल रुपमा भौतिक पुर्वाधारका योजनाहरुको डिपिआर नगरी बजेट विनियोजन गर्ने कुरा सही नभएको व्यवहारिक अभ्यासले देखाएकै छ । अहिले योजना आयोगको भूमिका कस्तो रहन गयो मन्त्रालय र मन्त्रीहरुसंग सघन छलफल भयो नै होला भन्ने मैले ठानिरहेको छु र अन्तमा म के मात्रै राख्न चाहन्छु भने पोखरा साच्चै पोखराले करीब करीब कास्की जिल्लाकै भूगोल ओगटेको छ र कास्की जिल्ला सिङ्गै पोखरा भन्दा पनि फरक पर्दैन भन्ने हामीलाई लागिरहेको छ र साच्चै कास्की अथवा पोखरा यो प्रदेशको मुटु राजधानी हामी सबैले बुझेकै छौँ र यो पोखरालाई यो कास्कीलाई सरकारले अलि गहिरो ध्यान दियोकि भन्ने खालका केही जिज्ञासाहरु पनि उठेका थिए र यो स्वभाविक छ किनभने पोखरालाई कास्कीलाई गहिरो ध्यान नदिईकन यसलाई सुदृढ र मजबुत नतुल्याईकन शायद प्रदेशको समृद्ध विकासको सन्दर्भमा पनि अब कस्तो भूमिका रहन्छ भन्ने कुरा हामीले बुझेका छौँ । मलाई त अझ के लाग्छ भने अझै हाम्रो सरकारले कास्की जिल्लालाई पोखरालाई अझै विशेष हिसाबले ध्यान दिन जरुरी छ अझै पुगेको छैन की भन्ने मैले महशुश गरेको छु । यसै सन्दर्भमा हामी सबैले बुझेका छौँ पोखराको अनियन्त्रित जो पार्किङ छ जसले पोखराको स्वरुपलाईनै विगारेको छ । हामीले धैरै भनेका छौँ पर्यटनको हव धैरै कारणले छिट्टै त्यो बन्दै पनि छ । साच्चै यो कुरुप बनेको हो पार्किङलाई ठीक ढङ्गले व्यवस्थित गर्न सकिएन एकातिर भने अर्कोतिर त्यो सुकुम्बासीको समस्या पनि त्यत्तिकै छ त्यो सुकुम्बासी समस्यालाई पनि ठीक ढङ्गले व्यवस्थापन गर्न सकिएन भने शायद हामीले देखेका सपना लक्ष्य उद्देश्यहरुलाई अब कति बल पुग्छ होला भन्ने प्रश्न पनि हाम्रो बीचमा छ । म अपिल गर्न चाहन्छु अनुरोध गर्न चाहन्छु यी समस्याहरुलाई समाधान गर्नका निम्ति गण्डकी प्रदेशको सरकारको अझ गहिरो गरी कास्की जिल्ला पोखरामा ध्यान केन्द्रीत हुनेछ ध्यान केन्द्रीत हुन सकोस भन्ने अपेक्षा सहित यो प्रदेश सभा रहेको वडा पोखराको १ नम्बर र ३ नम्बर यहाँ गत वर्ष पनि योजना परेन अहिले पनि योजना परेन योजना नपर्दा खेरी यही प्रदेश सभा संचालन भएको छ खोई हामीलाई एउटा योजना पनि पार्दिनु हुन्न भन्ने हिसाबले यहाँका जनताहरुले जसरी प्रश्न गरेका छन् र अझै पनि के सम्भव हुन्छ खास गरेर यहाँ खानेपानी त्यसपछी ढलको हो र तपाईको सुकुम्बासी बस्ती जो यो संरक्षणको नदीको कुरा छ यससलाई के गर्न सकिन्छ अझै पनि सोचिदिनका निम्ति अपिल गर्दै हामीले जे दस्तावेज तयार गरेका छौँ हामीले तयार गरेको दस्तावेजलाई इमान्दारीपूर्वक कार्यान्वयन गर्ने प्रतिवद्धता मेरो ठामबाट व्यक्त गर्दै साच्चै आरोपको लागि आरोप होईन गण्डकी

प्रदेशको सरकारको तर्फबाट आफ्ना राजनीतिक मान्यता भन्दा माथी उठेर जुन प्रकारका कदमहरु अगाडि बढेका छन् प्रतिपक्ष बेन्चबाट असन्तुष्टीको लागि असन्तुष्टी विरोधका लागि विरोध शायद आइदिन हुन्न भन्ने अपेक्षा विश्वास सहित मेरा भनाईहरु यही अन्त गर्दछु । धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्य श्री विन्दुकुमार थापालाई  छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय श्री विन्दुकुमार थापा

सभामुख महोदय, आज हामी आर्थिक वर्ष २०७६/०७७ को वार्षिक विकास कार्यक्रम अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय शिर्षक अन्तर्गत छलफलमा जुटेका छौँ । क्रमसंख्या ५ देखी ५३ सम्म ४९ बुँदामा समेटिएको यस मन्त्रालयमा आन्तरिक पर्यटन प्रवर्द्धन भन्ने प्रदेश मातहतका कर्मचारीहरुलाई दिईने सुविधाहरु ९० लाख देखी निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रमलाई ७२ करोड सम्म यो शिर्षक अन्तर्गत राखिएको पाईन्छ । मुख्यमन्त्री सरकारको प्रमुख पनि भएको  हुँदा यहाँ म केही कुराहरु राख्न चाहन्छु । आ.व. ०७६र०७७को गण्डकी प्रदेशको वार्षिक विकास कार्यक्रम यो प्रदेश सभामा २०७६आषाढ ५ गते प्रस्तुत गरियो । यो बजेट नेपाल कम्न्युष्ट पार्टीको दुई तिहाईको सरकारले ल्याएको बजेट भएकोले आफ्ना पार्टीका नेता कार्यकर्ताको लागि मात्रै ल्याएको जस्तो देखिन्छ । बजेट अपारदर्शी र वितरणमुखी छ । कार्यान्वयन गर्न सक्ने खालको छैन । यो बजेट असल मन र नियतकासाथ आएको छैन । यो पक्षपातपूर्ण छ र खराब मनोभावनाले ग्रसित भएर आएको छ बजेट चुनावमुखी र पार्टीमुखी छ । कास्की निर्वाचन क्षेत्र नम्बर २ मा संभवत आउँदो कार्तिक सम्ममा उपनिर्वाचन हुँदैछ । त्यसैलाई केन्द्र भागमा राखेर यो कार्यक्रम आएको छ । सत्ता पक्षका माननीयज्यूहरुलाई वहाँले मागेका योजनाहरु र विपक्षी दलका माननीयज्यूहरुले माननीयज्यूहरुको योजना त्यसमा पनि कास्कीका प्रत्यक्ष निर्वाचित सरकार पक्षका माननीय र प्रमुख प्रतिपक्षका एकमात्र प्रत्यक्ष निर्वाचित मैले राखेका योजनामा हामी हेर्‍यौँ भने कति सम्म तल झरेर अन्यायपूर्ण तरिकाले काखा र पाखा गरिएको छ भने यो सत्तापक्षको आँखाले देखिदैन । यसैले मिडियाका आदरणीय साथीहरुलाई तुलनात्मक रुपमा अध्ययन गरी निष्कर्ष निकाल्न विनम्र अनुरोध गर्दछु । यो आउँदो उपनिर्वाचनको खेल हो भन्ने हाम्रो ठम्याई छ । किन मैले यसो भनिरहेको छु भने मैले राखेको जायेज योजनाहरु मध्ये एउटा मात्र पनि कुनै मन्त्रालयले समेटेको छैन । पर्यटनको एउटा स्वरुप परिवर्तन भएर आएको योजना बाहेक माननीय मन्त्रीज्यूहरु भन्नुहुन्छ पोखरामा त सबै कुरा छ । सडक खानेपानी बत्ति के छैन शिक्षा स्वास्थ्य सबै यथेष्ट छ । हामीले काम गर्ने भनेको गाउँमा हो दुर्गममा हो पक्का पनि सरकारले गाउँमा विकास नभएको ठाउँमा अवश्य पनि हेर्नु पर्दछ । समानुपातिक र आवश्यकताका आधारमा विकास गर्नु पर्दछ त्यसको हामी कदापी विरोध गर्दैनौँ । त्यहाँको आवश्यकता र सम्भावना फरक छ र त्यस्तै विकास विकास र त्यहाँको आवश्यकता र विकास छुट्टै प्रकृतिको हुन्छ र त्यहाँ ट्राफिक जामको समस्या छैन साउण्ड पोलुसनको समस्या हुँदैन ।त्यहाँ अव्यवस्थित पार्किङको समस्या छैन तर पोखरालाई गण्डकी प्रदेशको राजधानी जस्तो चिल्ला खाल्डा खुल्डी रहित नमूना सडक, व्यवस्थित बसपार्क, फोहोरको उचित व्यवस्थापन, तालहरुको संरक्षण, सम्वर्द्धन, ढल निकासको यथोचित व्यवस्था, सुरक्षित र वातावरणमैत्री शहर अनि हरियाली शहर बनाउन त जरुरी छनि सधै सबै कुरा छ भन्ने हो भने प्रदेशको राजधानी जस्तो कहिले बनाउने पोखरामा ढल निकासको उचित व्यवस्थापन गर्न नसक्दा सडकनै नदी जस्तो बनेर वर्षेनि धनजनको क्षति पुर्याउदै आएको कुरा विदितै छ तिन वर्ष अघि सडकको नालीमा बगाएर लामाचौरमा

जिविएसको एकजना कर्मचारीको निधन भएको थियो भने अस्तिमात्रै आषाढ १४ गते अविरल वर्षा हुँदा पोखरा पृथ्वीचोकको नालीमा परेर एकजना व्यक्ति मोटरवाइक समेत वेपत्ता भएको खबर हामीले पढ्यौँ हालाकी त्यो व्यक्ति को हो पुष्टी भैनसकेको अवस्था छ । त्यस्तो अवस्थामा बच्चाहरु पर्न गएमा के अवस्था होला हामीले चाहेको प्रदेशको राजधानी यस्तो त पक्कै होईन होलानि पोखरामा सुकुम्वासीको पनि त्यत्तिकै समस्या छ । बन्द हडताल रोकिएको छैन महङ्गाइ बढेको बढ्यै छ बैङ्क ब्याज आकाशिदो छ । असारे विकास कायमै छ अहिले दैनिक साढे ४ अर्ब पूँजिगत खर्च भैराखेको कुरा हामीहरुले न्यूजहरुमा हेरीराखेका छौँ । यसले विकासको स्तर क्वालिटी कस्तो हो अनि हामीले कस्तो समृद्धिको आशा गर्ने प्रदेशको विकास बजेटको खर्च गराई पनि त्यस्तैनै छ असारे विकास हट्न सकेको छैन । सभामुख महोदय, पोखरामा बटुवाहरुलाई सडक पार गर्न बाटो काट्न अहिले हम्मे हम्मे पर्दछ। दुर्घटना डरलाग्दो रुपमा बढेको छ हामीलाई आकाशे पुल महेन्द्रपुल, विापि। चोक, पृथ्वीचोक र सभागृह चोकमा चाहिएको छ । सरकारले सिर्जना चोकमा बनाउँदै छ हामीले धैरै रिक्वेस्ट गर्यौ त्यहाँ १० वर्ष पछी चाहिएला अहिलेको टड्कारो आवश्यकता अन्तै हो भन्यौँ संघ र स्थानीय सरकारले महेन्द्रपुल पृथ्वीचोक भन्दा बढी आवश्यकता सिर्जना चोकमा देख्यो र बन्दै छ पनि किनकी त्यहाँ नेकपाको वडा अध्यक्ष हुनुहुन्छ अरुमा सबै नेपाली काङ्ग्रेसका काङ्ग्रेसका के हामीले चाहेको विकास यस्तै हो पक्का पनि होईन होला । सभामुख महोदय, गण्डकी प्रदेशमा माननीय मुख्यमन्त्रीज्यूलाई म गम्भिर ध्यान आकृष्ट गर्न चाहन्छु । गण्डकी प्रदेशमा भ्रष्टाचार डरलाग्दो रुपमा मौलाएको छ भ्रष्टाचारको सेटिङ हुन्छ तलदेखी माथीसम्म मिलाएर खाईन्छ । कार्यालयमा बसेर अन्य कर्मचारी समेतको रोहबरमा सेवाग्राहीसंग बारगेनिङ गरिन्छ मोलतोल हुन्छ । यो विकासको सबभन्दा ठूलो शत्रु हो यो बिडम्बना हो यसलाई न्यूनिकरण गर्न गर्ने संयन्त्रको प्रदेश सरकारले विकास नगरेसम्म समृद्धिको परिकल्पना हुन सक्दैन । विकास बजेट समयमा खर्च हुन नसक्दा बजारमा तरलताको चरम अभाव छ । लगानीयोग्य पूँजी बैङ्कहरुसंग छैन अनि ब्याजदर आकाशिदा उद्योगी व्यवसायी तथा नीजि क्षेत्र निराश छन् मर्कामा छन् त्यता तर्फ सरकारको ध्यान जाओस । सभामुख महोदय, जाँदाजाँदै अन्त्यमा प्रदेश सरकारको प्रमुख माननीय मुख्यमन्त्रीज्यू हुनुहुन्छ वहाँ केन्द्रमा पनि मन्त्रालयको जिम्मा कुशलतापूर्वक निर्वाह गरीसक्नु भएको खारिएको व्यक्ति पनि हुनुहुन्छ वहाँको नेतृत्वमा सरकार छ । माननीय मुख्यमन्त्रीज्यूको चाहना निर्देशनमा सरकार तथा मन्त्रीज्यूहरु चल्नुपर्छ फेरी फरक फरक पार्टीको मन्त्रालयमा मन्त्रीज्यूहरु पनि हुनुहुन्न किन निर्देशनको अवज्ञा हुन्छ अनादर हुन्छ र अटेर गरिन्छ किनरु नेपालको अहिले केन्द्र सरकारमा मन्त्रीमण्डल हेरफेर तथा पुनर्गठनको हावा व्यापक रुपमा चलेको छ । मिडियामा त दहो मसलाको रुपमा हल्ला खल्लानै मच्चिएको छ अहिले दुईटा अध्यक्षज्यूहरुको बीचमा पनि सहमति भैसकेको कुराहरु पनि मन्त्रिमण्डल हेरफेरको लागि कुराहरु हामीले मिडिया मार्फत हेरेका छौँ । अब हामी पनि हाम्रो गण्डकी प्रदेशमा पनि मन्त्रीमण्डल हेरफेरको अभ्यासको थालनी गर्ने हो की धन्यवाद। जय नेपाल ।

## माननीय सभामुख

माननीय सदस्य श्री कृष्ण थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय श्री कृष्ण थापा

माननीय सभामुख महोदय, विनियोजन विधेयक २०७६ तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्बन्धी छलफल गर्न गैरहेका छौँ । हिजोका दिनहरुमा को को सत्तामा बसेर के के गरे त्यो त नेपालको इतिहाँसमै छर्लङ्गै भएको कुरा हो। त्यही पनि त्यो सत्तामा बसेका अवधिहरुमा हामीले भोगेको कुरा के हो त भने देश राजनीतिक रुपले भ्रष्ट छ भ्रष्टिकरण हुँदैछ भएको छ र त्यो पिडा हामी नेपाली जनताले भोगेको कुरा सत्य हो । यसकारण मैले अहिलेको गण्डकी प्रदेश सरकारलाई के अनुरोध

गर्न चाहन्छु र के भन्न चाहन्छु त भने भ्रष्टाचारको प्रश्न शान्ति सुरक्षाको प्रश्न र महङ्गिको प्रश्न सुचाङ्कको हिसाबले अहिले घटेको छ की बढेको छ मलाई लाग्छ यो बढेको छ जस्तो लाग्छ । त्यसकारण गण्डकी प्रदेश सरकार यस विषयमा धेरै गम्भिर र सचेत हुन आवश्यक छ । अहिले लोकतन्त्र विधिहरु जनता जनता विरोधिहरु र गणतन्त्र विरोधिहरु यो कुरा नघटेको हुँदाखेरी कतै औंला ठडाएर ठडाएर चलबलाईरहेको अवस्था छ यसकारण म गण्डकी प्रदेश सरकारलाई र विशेष गरेर मुख्य मन्त्रीज्यूलाई यो औंला ठडाउने परिस्थिति सिर्जना गर्न हुन्न भन्ने कुरा विनम्रताका साथ अनुरोध गर्न चाहन्छु र २०७५ को एउटा अनुभवबाट सिकेर २०७६ लाई धेरै राम्रो प्रकारले अगाडि बढाउन म अनुरोध गर्न चाहन्छु र यहाँ हामीले के यहाँ देखीहाल्यौँ सत्ता छोड्दाको पिडा पनि धेरै गाह्रो हुँदोरहेछ र सत्तामा बस्दाको पनि एउटा उक्साहट र छटपटाहट हुँदोरहेछ यसकारण मैले के भन्न चाहन्छु भने सत्ता गैहाल्यो भनेर निराश भएर पनि बस्नुपर्ने आवश्यकता छैन सत्ता पाईहाले भनेर साह्रै छटपटाएर पनि ए साह्रै अगाडि बढेर पनि जानपर्ने आवश्यकता छैन । मैले अन्तिममा के भन्न चाहन्छु त भने फलेको डालो नुग्नु पर्छ यही कुरा मैले भन्न चाहे र अब म विशेष गरेर यो मन्त्रालयगत सम्बन्धमा मैले केही छलफलहरु अगाडि बढाउन चाहन्छु र विशेष गरेर मन्त्रिपरिषद्ले गरेका केही निर्णयहरुको कार्यान्वयनको सवालमा मैले केही कुराहरु गर्न चाहन्छु । विशेष गरेर मैले धेरै कुरा त मैले यहाँ आफूलाई त्यति समझ पनि छैन र मैले दुईटा कुरा मात्र यहाँ आफूलाई लागेको कुरा बताउन चाहन्छु । पहिलो कुरा त के हो त भने यो प्रदेश सभा कहाँ राख्ने भन्ने कुरामा मन्त्रालय धेरै अलमलमा परेको छ कहिले काहाँ भन्छ कहिले काहाँ भन्छ यो किसीमको जुन समस्या छ र यो द्विविधा छ त्यसकारण यसलाई ठोस रुपमा मन्त्रालयले आफूले गरेको निर्णयलाई कार्यान्वयन गर्ने कुरामा सचेत हुन पर्दछ । मलाई त्यो कुराको एउटा हेक्का छ दोश्रो कुरा राष्ट्रिय जनमोर्चाका बाग्लुङ जिल्लाका क्षेत्र नम्बर २ को २ का उम्मेदवार कमरेड टेक बहादुरको असमायिक निधन भयो यो हामी सबैलाई थाहा भएको कुरा हो । त्यससँग जोडिएका केही सवालहरुमा मन्त्रीमण्डलले गरेका निर्णयहरु प्रति मैले एउटा सचेत गराउन चाहन्छु । टेक बहादुरजी बिरामी हुनुभयो वहाँ ग्रान्डी हस्पिटलमा भर्ना हुनुभयो अनि भर्ना भैसकेपछी हामी मुख्यमन्त्रीज्यू कहाँ निवेदन लिएर गयौँ वहाँको स्वास्थ्य उपचारमा समस्या छ सहयोग गरिदिनु पर्‍यो भनेर हामीले निवेदन दियौँ । निवेदन दिईसकेपछी मुख्यमन्त्रीले धेरै सकारात्मक किसिमले हामीलाई यो निर्णय हुन्छ भन्नुभयो । हामीले निर्णय दिएको भोलिपल्ट अथवा पर्सिपल्ट जस्तो लाग्छ वहाँले करिब करिब सरकारी हस्पिटलमा उपचार हो भने हन्ड्रेड परसेन्ट र प्राईभेट हस्पिटलमा हो उपचार हो भने पचास परसेन्ट भनेर वहाँहरुले निर्णय गर्दिनुभयो । हामी त्यो कुरामा पनि सन्तोषनै भयौँ र परिस्थितिले के जनायो त भने त्यसको करिब १०, १५ दिन पछी फेरी टेक बहादुरजीको मृत्यु भयो । मृत्यु भैसकेपछि हामी काजक्रिया गरेर वहाँको परिवार समेतलाई लिएर फेरी उपचारको समस्या हामीलाई ठूलो छ । त्यति मात्र हैन हाम्रा कतिपय पारिवारिक समस्याहरुनि छन् भनेर हामीले फेरी मुख्यमन्त्रीकहाँ ज्यूलाईनै हामीले भेट्यौँ र परिवारसँग भेट्यौँ कुरा गर्‍यौँ । वहाँले न्यूनतम यति हामीले ८ देखी १० लाखसम्म हामीले छुट्टै सहयोग पनि गर्छौ त्यो हो औषधी उपचारको भनेर भन्नुभयो तर हामीलाई त्यो निर्णय कार्यान्वयन गर्ने सवालमा हुन सकेन । यसकारण के हो त भने मन्त्रिमण्डलले कुनै पनि निर्णयहरु गर्छ त भने त्यो कार्यान्वयन हुने प्रकारको हुनुपर्छ र यदि कार्यान्वयन भएन भने कार्यान्वयन हुने प्रकारको छैन भने त्यो जनतामा नराम्रो किसिमको नजिर कायम हुन सक्छ । त्यसकारण मलाई के लाग्छ त भने यही प्रदेश सभाको सदस्यको विषयमा त हामी त्यति गम्भिरताका साथ जिम्मेवारी ल्याउन नसक्ने हो भने अरु सवालहरुमा हामीले कुन प्रकारको परिस्थिति सिर्जना गर्न सक्छौँ यो कुरा मैले यहाँ यो मुख्यमन्त्री मन्त्रालयको कार्यालयलाई मैले विनम्रताका साथ अनुरोध गरे र टिप्पणीको रुपमा मैले उठाए र अर्कोतिर यो प्रदेश सभाको केही कुराहरु मैले उठाउन खोज्दाखेरी हामीले धेरै मन्त्रालयगत रुपमा कुरा उठायौँ । विशेष गरेर बजेटहरु तालिममा बढी उल्लेखित भयो भन्ने कुरा हो हेर्नु हामीले त्यो कुरा किन भनेको होत भने तालिम आवश्यक छैन भनेर होईन हामीले भन्न खोजेको कुरा के हो त भने बजेटको अथवा मन्त्रालयको टोटल बजेट मध्ये करिब करिब ३३ परसेन्ट यो तालिम र प्रशिक्षण आदि के के मा नछुटाएस भन्ने कुरा

हो अलि थोरै छुट्टाईयोस अलि कम छुट्टाईयोस भन्ने कुरा हो त्यसकारण यो मन्त्रालय पनि त्यो कुराबाट अछुतो रहेन जस्तो मलाई लाग्दछ र आर्कोतिर यो प्रदेश सभा र प्रदेश प्रतिष्ठानको डि.पी.आर.को सन्दर्भमा पनि यहाँ उल्लेखित छ । करिब करिब प्रदेश सभाको भवन निर्माण गर्नका लागि डेढ करोड बजेट छुट्टाएको अर्को मन्त्रालयबाट हामीले थाहा पाउँछौँ र यो यिनै कुराहरु डिपीआर गर्नका लागि भनेर फेरी अर्को डेढ करोड बजेट अर्को मन्त्रालयबाट छुट्टाउँछौँ । त्यसकारण के हो त भने निर्माण भन्दा डि.पी.आर. धैरै बजेट छुट्टाउने यो प्रचलन वास्तवमा गलत प्रचलन हो त्यस्तो गर्न हुन्न । त्यसकारण मैले यो कुरा पनि अलि टिप्पणीको रुपमा उठाए र आर्कोतिर मैले योजना कार्यान्वयनको अवस्थाहरु हाम्रो गण्डकी प्रदेशमा कस्तो रहेछत हामी योजना परोस अथवा नपरोस परे खुशी हुन्छौँ । नपरे यहाँ अर्थमन्त्रीले भन्नुभएको छ मिलमा लेनदेन हुन्छ भन्नुभाथ्यो भुलचुक हुन्छ भन्नुभाछ अहिलेको ०७६ मा नपरे ०७७ मा पर्ला भनेर हामीले चित्त बुझाउनु पर्छ पर्छ तर गण्डकी प्रदेशको कतिपय बजेट कार्यान्वयनको सवालमा के देखिएको छ त भने दुई तिन प्रकारका रहेछन् हामीले यसो हेर्दा बुझियो । साझेदारीको प्रकारले टेण्डरको हिसाबले उपभोक्ताको हिसाबले ति तिन प्रकारले कार्यान्वयन गर्ने पाटाहरु रहेछन् तर हामीले त्यहाँ देख्दाखेरी के देख्छौँ त भने हेर्नुस ठूला योजनाहरु कहिले डिपीआर हुने होत मलाई लाग्छ त्यो ०७५ को अब ०७६मा हुने होला हैन टेण्डर भएपछी कार्यान्वयन कहिले हुने होला अनि आर्कोतिर उपभोक्ताको सवालहरु छ । बिस लाखमा पनि उपभोक्ताहरु हुन्न टेण्डर हुन्छ एक करोडमा नभन्दै इतिति तल भए पनि फेरी उपभोक्ता हुन्न टेण्डर हुन्छ । यसरी के भएको छ त भने विकासका कार्यान्वयन गर्ने सवालहरुमा धैरै गन्जागोल र अष्पष्टता सिर्जना भएको छ र अब यो मसान्तमा करिब करिब २० गते भित्र त धैरै ठाउँबाट के देखिएको छ त भने प्राविधिकबाट प्राविधिक अड्चन सिर्जना गरेर लेनदेन गर्ने कुरा पनि यहाँ गम्भिर किसीमको प्रश्न बनेर आएको छ । मैले आज न्यूज सुनेको थिए स्याङजाको एक जना खानेपानीको हाकिमज्यू ५लाख रुपियाँ समातेर वहाँ के के हुनुभछ रङ्गेहात पक्रिनु भएको छ । त्यसकारण यो धैरै गम्भिर प्रश्न हो कि यदि हामीले छुट्टाईएको बजेट कार्यान्वयन हुँदैन भने जनताको हितमा त्यो कसरी प्रयोग हुन सक्छ ? हामी कसरी समृद्धिको प्रश्नमा अगाडि बढ्न सक्छौँ के मन्त्रालय यो कुरामा सचेत छत मलाई लाग्छ मुख्यमन्त्रीजी हाम्रो प्रदेशको वास्तवमा एकदम शक्तिशाली व्यक्तित्व हो मलाई लाग्छ लालु प्रसाद यादवको युगौँ सम्मको भ्रष्टाचार त्यहाँको एकजना निकेसस मन्त्रीले अन्त  गरेका थिए त्यसकारण मन्त्रीजीको त्यो भूमिका मलाई लाग्छ अल्लि कमै हो कि अल्लि बढी बेसी हुन आवश्यक छकी भन्ने कुरा म पनि यहाँ उठाउन चाहन्छु र आर्कोतिर मैले एउटा भनाई र एउटा स्मरण राख्दै म अन्तिममा के भन्न चाहन्छु त भने महात्मा गाँधीलाई एउटा पत्रकारले प्रश्न गरेका थिए तपाई यो वृद्धाश्रमको किन उद्घाटन गर्नुहुन्न भनेर पत्रकारहरुले सोधिएको थियो । त्यसबेला वहाँले के भन्नुभएको थियो भने मैले यो उद्घाटन गर्दिन भन्नुभएको थियो । किन गर्नुहुन्न भनेर सोध्दा वहाँले के भन्नुभएको थियो त भने वृद्धहरुलाई संरक्षण गर्ने छोराछोरीको जुन दायित्व हो त्यो दायित्वबाट पन्छिन्छ । त्यसकारण म राज्यको प्रमुख जस्तो अथवा सचेत मान्छेले त्यो कामलाई प्रोत्साहन दिए भने त्यो भावना मरेर जान्छ भन्ने कुराहरु भनेका थिए । त्यसकारण अहिले पनि म मुख्यमन्त्रीजीका कतिपय अभिव्यक्तिहरु सुनिराखेको छु रेडलाईटको कुरा क्यासिनोको कुरा अनि जुवा तासको कुरा यो वास्तवमा के हो त भने कतै हामीलाई (माननीय सभामुख-माननीय सदस्य समय सकियो)

प्याटेन्टको नाममा पर्यटन संरक्षणको नाममा त्यो त हुँदैन हामी त्यो दिशामा त फस्दैनौँ यही कुरा राख्दै आफ्ना भनाई टुङ्गयाउछु ।धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्य श्री धनञ्जय दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय श्री धनञ्जय दवाडी

माननीय सभामुखज्यू, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको विनियोजन शिर्षक माथी हामी छलफल प्रारम्भ गरिरहेका छौँ। यो धेरै दिनको छलफल पछी बजेट शेसनको अन्ततिर अन्तिम अन्तिम तर्फनै हामी आईरहेका छौँ। संघीय लोकतान्त्रिक गणतन्त्र पछी हामीले राज्यको पुर्नसंरचना गरीरहेका छौँ। प्रशासनिक पुर्नसंरचना गरिराखेका छौँ र प्रदेशमा नयाँ एकाईहरु पनि बनाईरहेका छौँ। स्वभाविक हिसाबले नयाँ ईकाईहरु निर्माण भैरहदा तिनका खर्चहरु पनि बढ्ने हुन्छन्। त्यो खर्चहरुको व्यवस्थापन गर्नुपर्ने दायित्व पनि सरकारसंग रहन्छ। विश्वसनियताका आधारमा सुदृढ अनुगमन प्रणाली निर्माण गर्न सकियो भने विकासका लक्ष्यहरुलाई सफलतातर्फ लैजान सहयोग पुग्छ। सुदृढ अनुगमन प्रणाली भएको प्रभावकारी सरकारले मात्र त्यस्ता लक्ष्यहरुलाई सहज प्राप्त गर्न सक्छन् र प्रगतिमा पुग्न सक्छ। लक्ष्य राख्ने अनुगमनमा चुक्ने भयो भने ति कामहरुलाई सहज ढङ्गले पुरा गर्न सकिन्न। ति काम पुरा गर्नका लागि सरकार र सरकारले व्यवस्थित गर्न र त्यसलाई फंग्सन गर्नका लागि उसलाई धेरै टुल्सहरुको जरुरी हुन्छ। ति टुल्सहरु हायर गर्नुपर्छ टुल्सहरु लिनुपर्छ किनभने सरकार आफैसंग सप्पै बनिबनाउ टुल्स हुँदैन। किन आज हामी संघीयताको निर्माणको सन्दर्भमा सरकार परिचालनका सन्दर्भमा बनाईरहने सन्दर्भमा नयाँ नयाँ छौँ पुरानो टुल्सहरुलाईनै प्रयोग गर्न सकिने अवस्थामानि पनि छैनौँ। हामीले आफ्नै अनुगमन आफ्नै तथ्याङ्क प्रणालीहरुलाई सुदृढ र व्यवस्थित गर्नुपर्छ यो काम गर्नका निमित्त स्वभाविक हिसाबले खर्चको बढोत्तरी हुन्छ। अघिल्ला वर्ष भन्दा यो वर्ष मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा केही बजेटहरुको व्यवस्थापन गरिएको छ जसले गर्दा आगामी दिनमा सुशासनको प्रत्याभूति हुने कुराको ग्यारेन्टि गर्न सकिन्छ। त्यसतर्फको पाइलालाई सुदृढ गरेर अगाडि बढाउन सकिन्छ भन्ने ठान्दछु। प्रादेशिक सरकार प्रादेशिक सांसद र यसका निकायहरुले दिगो विकासका कार्यनीतिहरुलाई कसरी अगाडि बढाउन सकिन्छ भनेर आफ्ना छलफललाई निरन्तर अगाडि बढाउनु पर्ने र त्यसको अनुगमन गरिरहनुपर्ने कुरा हाम्रा दायित्वहरु हुन्। त्यो दायित्वका हिसाबले हामीले आज गरिरहेका हाम्रा प्रयाशहरु र हामीले गरेका हाम्रा अभ्यासहरुले हाम्रो संघीयताको सुदृढीकरण संघीयताको भविष्य र भोलीका पुस्ताले यसलाई अभ्यास गर्ने कुरालाई सहज बनाउँछ। यसकारण आज हामी जे जसरी छलफल गर्छौँ जे जसरी योजना बनाउँछौँ जे जस्ता आधारमा सरकारले आफूलाई परिचालन र अगाडि बढाउन सक्छ त्यसले भोलीका दिनमा हामीलाई पछिल्लो पुस्तालाई पछिल्ला दिनहरुका सरकारहरुलाई काम गर्न सहज बनाउने भएका कारणले पनि आजैबाट व्यवस्थित सुदृढ प्रणालीहरुको विकास गर्न जरुरी छ र यसकारणले यी नयाँ कामहरुको प्रारम्भ नेपालका अरु प्रदेश सरकारले भन्दा गण्डकी प्रदेश सरकारले गरेको छ। त्यसको त्यसलाई सफलतामा लैजानका निमित्त हामीले यी चिजहरुमा बजेटका व्यवस्थापन महत्वपूर्ण हुन्छ भन्ने लाग्छ। अनुगमन, नियमन र पुनः अनुगमन यो निरन्तरताका आधारमा मात्रै हामी सफलता प्राप्त गर्न सक्छौँ। एउटा अनुगमन गर्यो छोड्यो अनुगमन गर्यो नियमन नगर्यो नियमन गर्यो फेरी अनुगमन नगऱ्यो भन्ने हो भने सरकारले गरिरहेका कामहरुले सफलता प्राप्त गर्न सक्दैनन्। सरकार यतिबेला लोकतान्त्रिक गणतन्त्रका कुरा हामी गरिरहँदा लोकतन्त्र अराजकता होईन। लोकतन्त्र विधिको शासन हो लोकतन्त्र कानूनको शासन हो र लोकतन्त्र विधि निर्माणमा लोकतन्त्रमा विधि निर्माण गर्ने थलो संसद हो। सडकले विधि निर्माण गर्दैन सडकले विधि निर्माण गर्छ भन्ने मान्यतालाई राखिन्छ भने लोकतन्त्रबाट विचलन भईन्छ। नेपालका कम्युनिष्टहरुले यो मुलुकमा लोकतन्त्र स्थापनाका निमित्त उनिहरुले गरेका कामहरु उनिहरुले गरेका संघर्षहरुका कथाहरुका आधारमा व्यथाहरु उनिहरुले गरेका संघर्षका कथाहरुले उनिहरुले गरेका प्रयत्नहरुले आज यो मुलुकमा लोकतन्त्र छ। संघीय लोकतान्त्रिक गणतन्त्र छ यी संसदमा छन् यी दुई तिहाई बहुमतका साथ छन्। त्यो लोकतन्त्र प्रतिको प्रतिवद्धताका कारणले हो। सात सालको परिवर्तन देखी आजसम्म लोकतन्त्र काहाँनेर कम्युनिष्ट पार्टी चुकेको छ र आज सरकारमा हुदाँ कम्युनिष्ट पार्टी माथि प्रश्न उठाउने उसको लोकतन्त्रको निष्ठामा प्रश्न उठाउने जेलमा बस्दा आन्दोलनमा बस्दा लोकतन्त्रका कुरा गर्दा उ लोकतान्त्रिक

भैरहने यो कस्तो द्वैध मानसिकता हो कसरी यसलाई बुझ्न सकिन्छ यसकारणले हामीले निर्माण गर्ने भनेको हाम्रा भूमिकाले हो । हामीले निर्माण गरेको हाम्रा आस्थाले हो त्यसकारणले नेपालका कम्युनिष्टहरुले गरिरहेका कामहरु उनिहरुले बनाएका विधिहरु यी सप्पै कुरा लोकतन्त्र प्रति प्रतिवद्ध छन् र म फेरी पनि के मा जोड दिन चाहन्छु भने विधि निर्माण गर्ने थलो संसद हो र संसद संसदीय मर्यादामै चल्छ । त्यसकारणले संसदलाई सडकले निर्देशन गर्न सक्दैन भन्ने मान्यतालाई सरकारले दृढताकासाथ पक्डेको छ नेपालका सन्दर्भमा भन्ने लाग्छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले जे कामहरु अहिले प्रारम्भ गरिरहेको छ फेरी म यता फर्किन चाहन्छु । एक्सन रुम सम्भवत नेपालमा पहिलो पटक हामीले प्रारम्भ गर्यौं । यसको सफलता र यसले प्राप्त गर्ने नतिजाका आधारमा गण्डकी प्रदेशको प्रशासनिक संरचना प्रशासनिक कार्यप्रणाली विकासका सबै काम र क्षेत्रहरुको सहज अनुगमन र त्यसले प्राप्त गर्ने नतिजामा बढोत्तरी हुनेछ । अघिल्लो साल भन्दा राम्रो हुनेछ भन्ने विश्वास गर्छु केही केही चिजहरुमा हामीले छलफल गर्नुपर्छ । प्रदेश विकास परिषद प्रदेश समन्वय परिषदका सन्दर्भमा हामीले योजनाहरु निर्माण गरिरहेका हुन्छौँ । संसदलाई र स्थानीय सरकारहरुलाई जोड्ने एउटा कडीका रुपमा कसरी काम गर्न सकिन्छ भनेर हामीले छलफललाई लैजानु पर्छ होला त्यसलाई ध्यान दिनुपर्छ होला किनभने स्थानीय तहले बनाईरहेका योजनाहरु समयमै सरकार सम्म आउने आईपुग्ने नआईपुग्ने त्यहीको बारेमा सांसदहरु जानकार हुने वा नहुने र सांसदहरुले त्यसका पक्षमा आवाज उठाईरहदा त्यो जोडनलाई कसरी व्यवस्थापन गर्न सकिन्छ यो मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले ध्यान दिनुपर्ने विषय हुन्छ । किनभने स्थानीय तहको सरकार प्रदेश सरकार र संघीय सरकार हामीले छुट्टाछुट्टै सरकारको अभ्यास गरेका छौँ । छुट्टाछुट्टै संसदको अभ्यास गरेका छौँ तिनका निर्णय र त्यसलाई कार्यान्वयन गर्ने विधिलाई तय गर्नुपर्छ र त्यो संसदबाटै खोज्दा सब भन्दा राम्रो र बेटर हुन्छ नभए मुख्यमन्त्री कार्यालयले यसलाई ध्यान दिओस भन्ने मेरो आग्रह छ । विद्युतीय सुशासन गुरु योजना हाम्रा निमित्त अत्यन्तै जरुरी छ समय बदलियो विज्ञान र प्रविधिले धेरै फड्का मारेको छ । विज्ञान र प्रविधिले गरेको प्रगतिको आधारमा हामीले हाम्रा चेतनालाई पनि बदल्नु जरुरी छ । हाम्रा चेतनाको स्तरलाई बदल्न जरुरी छ हाम्रा काम गर्ने तौर तरिकालाई बदल्न जरुरी छ । यसकारणले वद्युतिय सुशासन अनिवार्य चिज थियो र यसका निमित्त बजेट व्यवस्थापन गरेर सरकारले आफूलाई बदलिरहेको विज्ञान र प्रविधिले दिईरहेको चुनौतिलाई सामना गर्ने प्रयत्न गरेको छ र यसले आफूलाई अगाडि लैजान सक्छ भन्ने ठान्दछु। त्यसकारणले धेरै चिजहरु मुख्यमन्त्री कार्यालय भित्र छन् र मूलतः मुख्यमन्त्री कार्यालयले गर्नुपर्ने सुशासनको अभ्यास हो सुशासनको अभ्यासका निमित्त मुख्यमन्त्री कार्यालयले आफूलाई सप्पै टुल्सहरु सहित सप्पै साधन सहित सम्पन्न बनाउनु जरुरी छ । यदि सरकार साधन सम्पन्न भएन भने उसले गर्ने कामको परिणाम सकारात्मक आउँदैन । त्यसकारणले साधन दिने कुराका निमित्त साधन व्यवस्थापन गर्नका निमित्त संसदले सहयोग गर्नुपर्छ र उसको काम र उसको परिणामका हिसाबले उसले राम्रो काम गरेन भने सांसदले त आफ्ना कुराहरु उठाउने आलोचना गर्ने ठाउँ छदैछ । उसका कामका आधारमा उसको परिणामका आधारमा सरकारलाई मूल्याङ्कन गर्नुपर्छ भन्ने लाग्छ । सम्भवत लोकतन्त्रमा यिनै विधिहरु अवलम्बन गरिन्छन् लोकतन्त्र यही आधारमा चल्छ । यसमा म विश्वसनिय गर्न सकिन्छ भन्ने लाग्छ जिल्ला समन्वय समितिका निमित्त पनि बजेटको व्यवस्थापन भएको छ यसका निमित्त मलाई यो ठीकै भाको छ भन्ने लाग्छ तर जिल्ला समन्वय समितिले काम पाएको छैन उसलाई अनुगमनको काम योजना अनुगमनको काम गराउन जरुरी हुन्छ भन्ने लाग्छ । धेरै छरिएका योजनाहरु स्थानीय पालिकाले गरेका योजनाहरु या संघ प्रदेश सरकारका तर्फबाट भएका योजनाहरुमा अनुगमनका निमित्त उसको भूमिका हामीले निर्धारण गर्न सकियो भने शायद उसले उसको नाम अनुसारको समन्वय समितिका आधारमा उसले पाउँने काम व्यवस्थित हुन्छ भन्ने लाग्छ यो चिजका निमित्त बजेट व्यवस्थापन गरिने कुरा मलाई ठीकै लागेको छ राम्रो लागेको छ । प्रदेशको प्रशिक्षण प्रतिष्ठान निर्माण गर्ने कुरा त्यसलाई प्रशासनिक सुधार र संगठन व्यवस्थापन गर्ने कुरा अहिलेको हाम्रो सबै भन्दा ठूलो चुनौतिको कुरा हो भन्ने लाग्छ। किनभने हाम्रो प्रशासनिक संरचनामा अहिले जुन प्रदेश भन्ने चिज हामी नयाँ लिएर आईरहेका छौँ भने हाम्रो चरित्रको हाम्रो संघीयताको चरित्रको प्रशासन निर्माण गर्न जरुरी छ । त्यो संगठन निर्माण गर्न जरुरी छ त्यस्तो

संगठन त्यस्तो चरित्रको प्रशासनले आउने दिनहरु सम्म पनि संघीयताको सुदृढीकरणको लागि बलियो गर्नका निमित्त प्रशासनिक संरचनालाई सुदृढ गर्नका निमित्त अगाडि बढाउनु सकिन्छ । यो कुरा प्रारम्भिक दिन हो स्वभाविक हिसाबले हाम्रा बीचमा धैरै छलफल मत मतान्तर हुन सक्छन् त्यो गर्न जरुरी पनि छ तर मुख्य कुरा के हो भने हाम्रो ध्येय हो हाम्रो ध्येय भनेको संघीयताको सफलता हो र संघीयता सुहाउँदो प्रशासनिक संरचना निर्माण गर्ने दायित्व भित्र छौँ । कर्मचारीलाई लिने कुरा हायर गर्ने कुरा लोकसेवा आयोगलाई चुस्त दुरुस्त बनाउने कुरा र सक्षम कर्मचारी लिन सकियो भने मात्रै हायर गर्न सकियो भने मात्रै त्यो प्रदेश सफल हुन्छ । त्यसकारणले मानव स्रोतको व्यवस्थापनका निमित्त हामीले काहीं कुनै मोलाहिजा गर्न हुन्न भन्ने मान्यता राख्दछ। प्रारम्भिक दिनमा हामीले यी कामहरु गयौँ भने सरकार सबल सक्षमताकासाथ अगाडि बढ्नेछ र परिणामले भोलिको भविष्य निर्धारण गर्नेछ । हामी यतिबेला गरिरहेका सप्पै बहसहरु हाम्रो भूतबाट होईन भूत प्रेरित होईन विगत प्रेरित होईन विगतबाट शिक्षा लिने हो र हामीले आगामी भविष्यलाई हेर्ने हो कम्तिमा हामीले छलफल प्रारम्भ गरिदा सय वर्षको दृष्टिकोणलाई अगाडि राखौँ सक्छौँ सक्दैनौँ पचास वर्षलाई राखौँ नभए बिस वर्ष त हाम्रा दृष्टिकोणले कार्यान्वयन गरोस् । जतिबेला हामी सन् २०३० सम्म हाम्रा विकासका लक्ष्यहरुलाई पुरा गर्न सक्छौँ त्यो दायित्वमा निर्देशित हौँ भन्ने आग्रह अनुरोध गर्दै मेरा भनाई टुङ्गयाउछु । धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्य श्री पुष्पा के.सी. भण्डारीलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय श्री पुष्पा के।सी। भण्डारी

माननीय सभामुख महोदय, विनियोजन विधेयक २०७६ अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित विभिन्न शिर्षकहरु माथी छलफल गर्नु पर्दा यस मन्त्रालय अन्तर्गत राखिएका सिमित शिर्षकहरु मात्र यसको जिम्मेवारी या दायराभित्र पर्छन जस्तो मलाई लाग्दैन किनकी मुख्यमन्त्री र मन्त्रिपरिषद्को कार्यालय भएको हुँदा समग्र मन्त्रालयहरुमा हुने काम कारवाहीको जिम्मा पनि यसको हुन्छ किनकि यो प्रदेशको उन्नति या अवन्नतिको येस या अपयेश पूर्ण रुपमा मुख्यमन्त्रीमा नै जान्छ यो प्रदेश कस्तो बनाउने भन्ने सपना देख्ने र त्यो सपनालाई मूर्त रुप दिन कुन कुन विधि र प्रक्रिया अपनाउन सकिन्छ अनि कुन कुन निर्णय निकाय मार्फत सम्पन्न गराउन सकिन्छ भन्ने निर्णय लिने थलो पनि यही हो भन्ने मलाई लाग्दछ । यतिका दिन भिन्न भिन्न मन्त्रालयहरुबाट सम्पन्न गरिने कामका शिर्षकहरुमा छलफल गरियो । ति पनि यसैसँग सम्बन्धित छन् किनकि यो मन्त्रिपरिषद्को कार्यालय पनि हो र समग्र प्रदेशको विकासको निर्णय यहीँबाट गरिन्छ । जनप्रतिनिधि जनताले छानेर पठाए जनप्रतिनिधिले मुख्यमन्त्रीको छनौट गरे र मुख्यमन्त्रीले आफ्नो प्रदेशको सरकार बनाउनुभयो । यसैकारण प्रदेशको मुहार कस्तो हुने विकासले गति कसरी लिने योजना कार्यान्वयन कसरी हुने जनताले लाभ कसरी पाउने आदि सम्पूर्ण कुराको मेकानिजम यतैबाट तय भएको मानिन्छ र अन्तत श्रेय पनि यसैलाई नै मिल्दछ किनकी यो कार्यालय शिर हो यसकै निर्देशनमा हातपाउहरु चल्दछन् । यो मेरो बुझाई हो सभामुख महोदय, मैले यस्तो भने पनि यहाँ विधिवत रुपमा यस मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सम्पादन हुने भनि विभिन्न शिर्षकहरु राखिएको छ । लगभग ४९ वटा शिर्षकहरु यहाँ छन् जसमा मुख्य गरी एकीकृत प्रशिक्षण प्रतिष्ठान स्थापना, प्रदेश विकास प्राधिकरण र प्राधिकरण स्थापना र संचालन यो दुई ठाउँमा उल्लेख छ । प्रदेश लोकसेवा आयोग स्थापना तथा संचालन, प्रदेश प्रशिक्षण प्रतिष्ठान, कर्मचारी सूचना प्रणालीको विकास, विद्युतीय सुशासन, गुरु योजनाको तैयारी, निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान मार्फत विभिन्न

तालिम संचालन र विगतका  तिनवटा अरु कार्यक्रम पनि छन् जसलाई मैले यहाँ समेटेकी छु । सभामुख महोदय, एकीकृत प्रशिक्षण

प्रतिष्ठानबाट विभिन्न शिपमूलक तालिमहरु दिईनेछ भन्ने मेरो बुझाई छ। यदि यसो हो भने यो अतिनै उपयोगि कुरा हो किनकि मि. लेभल टेक्निसियम विकासका खम्बाहरु हुन् र तालिमले ज्ञान वृद्धि गर्दछ र अवधारणाको विकास गराउँदछ र शिपको हस्तानान्तरण गर्दछ । तालिमले विना तालिम नयाँ प्रविधि व्यवहारमा उतार्न नसकिने हुँदा यसलाई म महत्वकासाथ हेर्दछु । त्यस्तै प्रदेश विकास प्राधिकरणले छुट्टै संघसंग समन्वय गरी लगानीकर्ता भित्र्याउन तथा स्वदेशी लगानीकर्तालाई आकर्षित गर्ने र ति कामहरुको अर्थात गौरबका आयोजनाहरुको अनुगमन गर्न यो प्राधिकरण जरुरी नै भएको पाईयो । लगानी भित्र्याउन के गरियो भन्ने प्रश्नको जवाफ यो प्राधिकरणले मूर्त रुप लिएपछि प्राप्त हुन्छ भन्ने मलाई विश्वास छ। यहाँ प्रदेश लोकसेवा आयोगको स्थापना र सञ्चालन यो मन्त्रालय अन्तर्गत बनेर कानून मन्त्रालय  अन्तर्गत लोकसेवा आयोगको गठन भनेर उल्लेख हुँदा आफू थोरै अलमल परेको हो की या आफ्नो बुझाई कम भएको हो भन्नि सोचमा छु जता हुनुपर्ने भए पनि यो शिर्षक आफैमा महत्वपूर्ण छ र अति आवश्यक छ । कर्मचारी बिना जनता समक्ष सरकार पुग्न कठिन हुन्छ । प्रदेश प्रशिक्षण प्रतिष्ठानले हाल खट्कीरहेको खाँचोलाई सम्बोधन गर्नेछ भन्नेमा म विश्वस्त छु । स्थानीय सरकारमा रहेका विभिन्न तहका पदाधिकारीहरुले प्रशिक्षणको माग गरिरहेको बेला अझ न्यायिक क्षेत्रमा त्यो माग छ। यसको स्थापना हुनुले स्थानीय तथा प्रदेश स्तरका जनप्रतिनिधिलाई राहत दिने छ किनकी प्रशिक्षणले दक्षतामा अभिवृद्धि गर्दछ भने दक्षताले आत्मविश्वास पैदा गर्दछ। गण्डकी प्रदेश कर्मचारीको व्यवस्थापन सूचना प्रणालीको विकासले सरकारलाई हरेक कर्मचारीको बारेमा जानकारी हुनेछ र कसलाई कसरी व्यवस्थापन गर्ने भन्ने सहज हुनेछ । त्यसै गरी कर्मचारी स्वंमलाई पनि आफ्नो बारेमा स्पष्ट सूचना प्राप्त भै न्याय अन्याय के गर्यो व्यवस्थापनले भन्ने बारे भनिरहन पर्ने हुनेछैन बरु कर्मचारी स्वंम सु-स्पष्ट हुनेछन् । विद्युतीय सुशासन गुरु योजना शायद शायद हैन विद्युतीय सुशासन गुरु योजना नीति कार्यक्रमको १७७ नम्बर बुदासँग सम्बन्धित छ यसले भ्रष्टाचार गर्दिन र गर्न पनि दिन्न भन्ने सोलोगनलाई चरितार्थ गर्न मद्दत पुर्याउने छ। निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमका बारेमा मिश्रित अवधारणाहरु आएका भए पनि जनप्रतिनिधिहरु जसले जनताका माझमा निर्वाचनका समयमा विभिन्न प्रतिवद्दताहरु व्यक्त गरेर आएका छन्। उनिहरुलाई जनता माझ फर्किन सहज भएको छ र यसको सही सदुपयोग हुन सकेमा यसले सही नतिजा पनि प्रदान गर्न सक्दछ भन्ने मेरो सोच छ । गएको वर्ष थालनि गरिएका र यो वर्ष निरन्तर गरिएका कार्यक्रमहरु हेलो मुख्यमन्त्री कार्यक्रम जुन २०७५ भाद्र ४ गते शुरु गरिएको थियो जनता माझ निकै लोकप्रिय भएको पाईएको छ । नीति कार्यक्रममा प्रस्तुत भए अनुसार पनि ५३० गुनासाहरु आएकोमा ३८४ त समाधाननै भएको कुरा थियो । यसलाई यो वर्ष स्थानीय तहसम्म पुर्याउने योजना रहेको छ जुन सहानिय छ । ग्रामिण जनताले आफ्ना गुनासा सिधै मुख्यमन्त्रीसंग राख्न पाउनु सुखद र वहाँहरुका लागि गौरबको कुरा पनि हो । बरु यो हरेक स्तरको नागरिकले प्रयोग गर्न सक्ने बनोस भन्न चाहन्छु । २०७५ फागुन ४ गते एक्सन रुम संचालनमा ल्याईयो यसले विकासका गतिविधिमा हुने ढिलासुस्ति र अनियमिततालाई रोक्ने र आईपर्ने समस्याको समाधान गर्ने र निर्माण कार्यलाई गति दिने मनसायका साथ मुख्यमन्त्रीको प्रत्यक्ष निर्देशनमा सञ्चालन हुने गरी व्यवस्था गरिएको छ यसको निरन्तरता भनेको विकासमा तिव्रता हो भन्ने मेरो बुझाई छ । जनतासंग मुख्यमन्त्री टेलिभिजन कार्यक्रमबाट सरकारले हालसम्म के गरिरहेको छ र के गर्न सोच छ भन्ने बारे जनता लाभान्वित हुनेछन् र यो जसरी पनि छ किनकी यो जरुरी पनि छ किनकी जनता जान्न चाहन्छन् र आफ्नै मुख्यमन्त्रीबाट सुन्दा जनतामा विश्वासको वातावरण सिर्जना हुन्छ । पहिलेनै भनेकी छु यो प्रदेशमा हुने सबै गतिविधिको जिम्मेवार सम्बन्धित मन्त्रालयसंगै संगसंगै यो मन्त्रालय पनि हुन्छ तैपनि यसै मन्त्रालय अन्तर्गतका केही शिर्षकहरुबारे मैले चर्चा गरेको मात्र हो । गएको वर्ष जिल्ला समन्वयले आफूलाई बिर्सेकोमा ठूलो गुनासो गरेको थियो यसपाली उसले पनि प्रदेश सरकारको उपस्थितिको अनुभूति गर्यो होला भन्ने मैले ठान्दछु । अन्तमा हुनत यो कुरा

मैले आन्तरिक मामिला तथा कानून मन्त्रालयको छलफलमा राख्नुपर्ने हो तर सूचनाको प्रसङ्ग यहाँ पनि बारबार आईरहेकोले यहाँ सबै मन्त्री र मन्त्रालयको उपस्थिति हुने हुनाले पनि मैले यो कुरा राख्दैछु । त्यो के भने प्रदेश सरकारको आफ्नै सञ्चारका माध्यमहरु हुन आवश्यक छ त्यसले अरु कुनै पनि भैरहेका संचारका माध्यमहरुलाई हानी गर्दैन बरु सहयोगनै प्राप्त हुन्छ र प्रदेश सरकारका आफ्ना आधिकारिक धारणा र भए गरेका कामकारबाहीहरु जनसमक्ष पुग्दछन् । यति सुझाव राख्दै मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सबै बजेट शिर्षकहरुमा आफ्नो र आफ्नो दलको सहमति रहेको अवगत गराउँदै आज्ञा चाहन्छु । धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्य श्री मणिभद्र शर्मालाई  छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय श्री मणिभद्र शर्मा

माननीय सभामुख महोदय, हामी बजेट बनाउने बजेट माग्ने र चाहना व्यक्त गर्ने शैली सदस्य माननीयहरुको मन्त्री माननीयहरुको मुख्यमन्त्री माननीयज्यूको उस्तै भेटियो । सदस्य माननीयले आफ्नै क्षेत्रमा आफ्नै जिल्लामा होस भन्ने र आफ्नै शैलीको होस भन्ने अर्थमन्त्रीजीले व्याख्या गरे झैं फेरी मन्त्री माननीयहरुले आफ्नै मन्त्रालय अन्तर्गत धेरै बजेट पार्न पाए आफूले बाड्न पाए हुँदो हो भन्ने र अर्थमन्त्री माननीयजी र मुख्यमन्त्री माननीयजीले पनि आफ्नै मन्त्रालयमा बजेट ठुलठुलै राख्न पाए हुँदो हो भन्ने चाहना उस्तै उस्तै प्रकारको एउटै एउटै ड्याङका रहेछन् की भन्ने यहाँ झझल्किन्छ । जस्तै यो भौतिक योजना भौतिक पूर्वाधार मन्त्रालयमा भवन महाशाखा अथवा निर्देशनालय के छ त्यहाँ त्यतातिरै भवन बनाउने खर्च राखिदिएका भए त हुन्थ्योनि फेरी मुख्यमन्त्रीजी कहाँ नै छ त्यो पनि यो कतै उहीँ हाम्रा जस्तै चाहना मुख्यमन्त्रिको पनि उस्तै उस्तै खाले हो कि त्यस्तो लाग्यो । अब यो बुदा नम्बर २३ मा विकास प्राधिकरणको कुरा उठ्यो यो विकास प्राधिकरण राम्रो कुरा हो यसमा मलाई मुख्यमन्त्रीज्यूसँग एउटा अनुरोध गर्न मन लाग्यो । यो कति वर्षका लागि हो कति महिनाका लागि हो यहाँ त विकासे मन्त्रालयहरु छन् विकासे अड्डाहरु छन् यो प्राधिकरणले वैकल्पिक अवस्था सिर्जना गरेर फेरी झन अन्यौल हुने होकी एउटा कुनै खास इसिउ विषयमा प्राधिकरण त बन्छन् जस्तो भूकम्पका लागि प्राधिकरण बन्यो भूकम्पबाट पिडितहरुका लागि बाढी पिडितहरुले ठूलो नोक्सानी गराउँदा प्राधिकरण बन्ने कुराहरु ति जायजै हुन यो निश्चय पनि सरकारमा ठूलै छलफल गरेरै योजना आईसक्दा पनि छलफलै गरेर आएको होला तर यसको भोलिका दिनमा प्रदेश सरकारका गतिविधिहरु संचालन गर्दा अलिकति खटपट आउने होकी मैले यसलाई असाध्यै फेरी म प्रतिपक्ष भएको हुनाले सप्पैले मलाई गाली नगर्नुहोला मैले यसलाई गम्भिरताकासाथ मनन गर्न अनुरोध गरे । यी प्रतिपक्ष दलका माननीय साथीहरुलाई नै अनुरोध गर्छु फेरी मैले यस्ता विषयमा एक्लै बेल्का यसो सुत्ने बेला भएनि के बोल्यो हो यले भनेर सोच्नुहोला । मलाई यो यो बारेमा गम्भिर हुन पर्छ भन्ने मलाई लाग्यो अब कतिपय शिर्षकहरु अघि पूर्ववक्ता माननीयहरुले पनि राख्नुभो मन्त्रालयसँग बाझिएका छन् अब त्यो मुख्यमन्त्री कहाँ र मन्त्रालयमा बाझिनु अनौठो कुरा भएन त्यसलाई आफै मिलाउनुहुन्छ अब वहाँले सञ्चालन गर्ने भएपछी केही कुरो छैन । अब यहाँ अरु थुप्रै कुरा विधिका कुरा शासन पद्धतिका कुरा अनि पहिलाका सरकारका कुरा सत्ताबाट हट्न परेका पिडाका कुराहरु पनि आए । यो सत्तामा बसिरहुम जस्तो लाग्नुत यो प्राकृतिकै कुरा होला अब सबैलाई अब राम्रो हुन मन लाउनु धनि हुन मन लाउनु खुब बुद्धिमान हुम भन्नि मन लाउनु अरु भन्दा अझ जान्नि हुन मन लाउनु त्योत नेचुरलै हो जस्तो लाग्छ मलाई त्यसलाई त मैले अनौठो रुपमा मानिन तर सत्तामा गैसके पछी प्रतिपक्ष दलहरु पनि हुन्छन् प्रेस जगत पनि हुन्छ प्रेस जगतलाई त अझ लोकतान्त्रिक शासन प्रणालीमा स्थाई प्रतिपक्ष मानिन्छ किन भन्दा उसले

कुरा खोतलेर बाहिर ल्याउँछ सत्तामा बस्नेलाई चस्काउँछ त्यसो हुनाले यसलाई आर्को परिभाषामा चौथो जगत पनि भन्ने गरिन्छ । स्थाई प्रतिपक्ष पनि भन्ने गरिन्छ त्यो प्रेस जगत पनि हुन्छ अनि लोकतान्त्रिक शासन प्रणालीमा प्रेसर ग्रुप पनि हुन्छ । प्रेसर ग्रुपहरु हुन्छन् अनेक इनट्रेस्टका प्रेसर ग्रुपहरु पनि हुन्छन् सत्ता सञ्चालन गर्नेले ति पक्षहरुलाई ख्याल गरेर नीति नियम विधि कानून बनाउँदा अहिले त्यो हाम्रो गुठीवालाको जस्तो नआउने पनि सोच्न पर्ने हो अब त्यो पक्षमा अनि अलि अलि गडबड गर्ने फेरी गाली उही प्रतिपक्षलाई गर्ने अब त्यस्तो नगरिदिए हुन्थ्यो भनेर अनुरोध ए तलदेखि माथि सम्मका सबै सरकारलाई मैले गरे अब तलका सरकारकहाँ नि यो खबर पत्रपत्रिका मार्फत जानेछ । अब यो बजेट बनाउँदा र योजना छनौट गर्दा यो अर्थशास्त्रीय

दृष्टिकोणले आज बिहान एउटा अर्थशास्त्रीसंग एकछिन बसेको थिए दुईटा सिद्धान्त प्रयोग हुन्छन रे अब म आफू विज्ञ छैन म विद्यार्थी हो अल्लि जान्ने हुँ भन्ने काहाँ गएको थिए बिहान वहाँले दुईटा सिद्धान्तका कुरा मलाई सम्झाउनु भो अब त्यहाँ वहाँले दुईटा के कुरा सम्झाउनु भो भने सरकारले एउटा सोसियल वेलफेयरको कुरा गर्नपर्छ त्यो वाध्यता हुन्छ सरकारलाई अब त्यसमा बजेटहरु जान्छन् अर्को भौतिक पक्षलाई निर्माण गर्दाखेरी सोसियो ईकोनोमिक एनालाईसिस भन्ने हुन्छ अरे यो हाम्रा बजेटहरु हाम्रा योजनाहरु छनौट गर्दा ति विधिहरु कत्तिको प्रभावित भएका छन् हामीले छुट्टाएका पैसाले त्यहाँ समाज र अर्थको सन्तुलन जनता र सेवासंगको सन्तुलन सोसियो इकोनोमिक आनालाईसिस भनेको त्यो पैसाको खर्च र जनता लाभान्वित हुने कुरासँग सम्बन्धित हुन्छ भनेर पनि मलाई छोटो रुपमा व्याख्या गर्दिनुभो तो बारेमा पक्का पनि हाम्रा योजनाहरु प्रभावित छनौट भएका छन् की छैनन् अब त्यस्तो भएको भए त राम्रै हो हैन राजनीतिक हिसाबले भएको छ की अब कुनै नेता विशेषले भन्यो त्यसो हुँदा गर्दिहाल्न पर्छ भनेर भाछ की अब त्यो बारेमा मैले थोरै माननीय अर्थमन्त्रीज्यू मुख्यमन्त्रीज्यूलाई फेरी अहिलेको त अब हाम्रो माननीय बिन्दु थापाज्यूले भनेझै अब सरकार परिवर्तन त यहाँ मन्त्रीमण्डल पुनर्गठन आदि आदि त नहोला वहाँहरुले आर्को साल पनि ल्याउनुहोला त्यसो हुनाले वहाँहरुले त्यो ल्याउँदै गर्दा यो पक्षलाई यो गत अहिले सम्म त हामी त तिनवटा बजेटमा तेश्रो पटकको बजेटमा छलफल गर्दैछौँ । त्यसो हुनाले त्यो पक्षलाई चौथो पटक आउँदा अग्रगम्यताकासाथ आयो भने हाम्रो प्रदेशको समृद्धि हाम्रो प्रदेश राम्रो हुने प्रदेशका रुपमा हामी अब्बल हुने कुरामा जानेछौ भन्ने विश्वासकासाथ आफ्ना भनाईहरु अन्त्य गर्दै बिदा हुन चाहन्छु । धन्यवाद जयनेपाल ।

## माननीय सभामुख

माननीय सदस्य श्री राजिव पाहारीलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय श्री राजिव पाहारी

सभामुख महोदय, यो सदनमा शुरुमा विद्वान माननीयज्यूको कुरा सुनिरहँदा म संघीय संसदमा छु कि गण्डकी प्रदेशको सभामा छु कन्फ्युजमा थिए । पछि पछि माननीयज्यूहरुको कुरा सुनेपछि क्लियर भए म चाही गण्डकी प्रदेशकै सभामा रहिछु भन्ने कुरा माननीय सभामुखज्यू सत्तामा बसिराखौँ मन्त्री भैराखौँ भन्ने चाहना इच्छा आकांक्षा लाग्ने स्वभाविक कुरा हो । तो स्वभाविक कुरालाई पनि हामीले पूर्ति गर्न सक्छौँ छायाँ सरकार बनाएर छायाँ मुख्यमन्त्री हुन सक्छौँ छाया मन्त्री हुन सक्छौँ । त्यसरी पनि हामीले गर्न सक्छौँ केन्द्रमा पनि बनेको छ । म यत्ति कुरा भन्छु यो रातो किताब आर्थिक वर्ष २०७६/०७७ को रातो किताब यो रातो किताबको पृष्ठ १ मा प्रदेश व्यवस्थापिका पृष्ठ २ मा मुख्य न्यायधिवक्ताको कार्यालय ३ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बजेट शिर्षक यहाँ छुट्टाईएको छ । हामीले सतहीको भरमा आग्रहपूर्ण ढङ्गबाट टिकाटिप्पणी गर्नुको कुनै अर्थ र औचित्य हुन्न हामी विनियोजन यो शिर्षकमा छलफल गर्दैछौँ भने यहाँ काहाँनेर कुन शिर्षकमा अपारदर्शि ढङ्गबाट

आएको छ  तथ्यको आधारमा भन्नुपर्यो नि जहाँ सम्म एउटा प्रदेश मुख्यमन्त्रीको कार्यकक्ष सभाहल निर्माण र लाईब्रेरी कक्ष निर्माणको निम्ति १ नम्बरमा प्रदेश व्यवस्थापिका प्रदेश सभा सचिवालय भनेर मन्त्रालयको निर्देशनालय भनेर छुट्टाईएको छ । यो मुख्यमन्त्रीको कार्यकक्ष सभाहल निर्माण र लाईब्रेरी कक्ष निर्माण गर्ने भएकोले  यसलाई अलिकति ओझ अल्लि महत्व यसको महत्व ओझ दिएको कारणले मुख्यमन्त्री कार्यालय अन्तर्गतमा यो शिर्षक परेको भन्ने मलाई लाग्छ । नत्र अब धैरै कुराहरुतिर म जान चाहन्न धैरै कुराहरु आईसक्यो यो मुख्यमन्त्रीको कार्यालय अन्तर्गतको जति पनि आएको छ माननीय सभामुखज्यू मेरो केही केही कुराको म गम्भिरतापूर्वक ध्यान आकृष्ट गर्न चाहन्छु । केही दिन अगाडि म माननीय मुख्यमन्त्रीज्यूको कार्यकक्षमा गएको थिए त्यहाँ ३ जाना ७० वर्ष भन्दा माथिका वृद्ध वुवाहरु आउनुभएको थियो ति मध्ये एकजानाको छोरा डिप्रेशनको बिरामी हुनुहुँदोरहेछ । आर्थिक अवस्था अत्यन्त कमजोर र वहाँले मुख्यमन्त्रीको कार्यालयबाट केही हामीलाई सहयोग चाहियो भनेर वहाँहरुले माग गरिरहनु भएको थियो अब तर मुख्यमन्त्री कार्यालयमा त्यो कुनै बजेटको व्यवस्थै रहेनछ । अघि प्रसङ्ग पनि आईसक्यो यो हामीले क्याबिनेट भनेको त मुख्यमन्त्रीलाईनै त्यसले जनाउँछ । त्यसो भएर मैले यो शिर्षक धैरै हेरे यसमा एउटा दुईटा कुरा थप्नु पर्छ माननीय सभामुख महोदय, यो पारित गर्नु भन्दा पहिला एउटा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा विपद व्यवस्थापन कोष राख्नु पर्छ । अर्को भैपरि आउने शिर्षक राख्नु पर्छ कतिपय विचार सिद्धान्त भन्दा पनि ठूलो कुरो भनेको मानवियता हो। आखिरीमा धैरै मानिसहरु प्रदेश सरकार भनिसकेपछि जाने ठाउँ भनेको त्यो मुख्यमन्त्रीको कार्यालय हुन्छ त्यसो भएर यो अघि कुरा पनि आयो हाम्रो एकजाना माननीय जो दिवंगत हुनुभयो वहाँको खर्चका कुराहरु नि आए केही कोष यसमा त्यो छुट्टाईएको देखिएन भैपरि आउने शिर्षक कोष र विविधमा केही रकम समावेश होस यो मुख्यमन्त्रीको कार्यालय अन्तर्गत म यो जोडदार ढङ्गबाट राख्न चाहन्छु । अर्को यो बजेटमा जनताका समस्याहरु हल गर्नको निम्ति अघिनै कुरा आईसक्यो एक्सन रुमको कुरा आएको छ । व्यवस्थापन कार्यक्रमका लागि मानव अधिकार तथा कानूनि स्वतन्त्रताको लागि कर्मचारी अभिलेख व्यवस्थापनको निम्ति देखि लिएर धैरै कुराहरु आएको छ । अघि माननीयहरुले भनेको कुरालाई म दोहोर्‍याउन चाहन्न । एउटा अर्को म जोड के गर्न चाहन्छु भने यो मानव संसाधनको विकासको निम्ति भनेको त प्रशिक्षण होला तो तालिमको निम्ति जम्मा तेत्तिस परसेन्ट छुट्टाईयो भन्ने कुरा आएको छ त्यो तेत्तिस परसेन्ट अपुग हुन्छ । माननीय सभामुख महोदय, कम्तिमा चालिस परसेन्ट छुट्टाउनु पर्छ । किनकी हामीले अहिलेको जनताले छिटो परिणाम खोज्छ छिटो परिणाम दिनको निम्ति यो सर्भिस डेलिभरी गर्ने व्यक्तिहरुलाई त अहिले हामीले परिवर्तन गर्न त सक्दैनौं कतिपय हाम्रो राष्ट्रसेवक कर्मचारीहरु उही पुरानै हुनुहुन्छ । हामीले कतिपय तो स्किल मेनपावर नभएनि हायर एण्ड फायर त गर्न सक्दैनौं त्यस्तोलाई त हामीले वहाँहरुको क्षमता अभिवृद्धि गर्न पर्योनि वहाँहरुको क्षमता दक्षता अभिवृद्धि गरियो भनेपो तो तो कर्मचारीले तो मेनपावरले छिटो परिणाम दिन सक्छ । त्यसो भएर अहिलेको परिवर्तित परिस्थिति अनुसारको जनतालाई छिटो सर्भिस दिनको निम्ति तो क्षमता अभिवृद्धि कार्यक्रमहरु र यो मानव संसाधनको विकास एउटा महत्वपूर्ण कुरा भएकोले तो तो कुरामा बजेट अलि कम छुट्टिएको भन्ने मलाई लागेको छ त्यसो भएर त्यसमा बजेट धैरै छुट्टयाईयोस भन्ने मलाई लाग्छ । अर्को कुरा भनेको अघि प्रसङ्ग पनि आयो यसमा सबै कुरा पारदर्शी ढङ्गबाट आएको छ यो मुख्यमन्त्रीको कार्यालयको कति सम्म आएको छ भने पत्रकारको कार्यक्रम सम्मको पारदर्शि हिसाबले आएको छ । अनि अपराध अपारदर्शी भयो के यस्तो तथ्यहिन कुरो यो संसदमा नगरौन यो त संसद हो यसमा अलिकति तर्कका आधारमा तथ्यका आधारमा गरौं अनि काहाँ के कुरा चित्त बुझेन अनि यस पछी ल यो अब रातो किताबलाई रेड बुकमा राखम ह्वाईट बुक राखम भनेर विरोध गरे जस्तो विरोध गर्नुको के अर्थ हुन्छ यो के त्यसरी विरोध गर्दा त्यो आग्रहीपूर्ण पूर्वाग्रहीपूर्ण राजनैतिक आग्रह कारणले भएको नभए के कारणले हुन्छ त भनेको के त्यसो भएर यसमा म यत्ति कुरा मात्रै राख्न चाहन्छु । अब अर्को कुरा अब धैरै कुरा जस्तो सुशासन शिर्षक अन्तर्गत एक अरब अठ्ठाईस करोड बजेट मध्ये निर्वाचन पूर्वाधार विकास कार्यक्रम सञ्चालनको लागि बहत्तर करोड आएको छ हैन अब अर्को

ईप्रका प्रहरी चौकी निर्माण अब सुशासन स्थापनाको निम्ति पहिला शान्ति सुरक्षा व्यवस्थित हुन पऱ्यो सुदृढ हुन पऱ्यो शान्ति सुरक्षा व्यवस्थित सुदृढ भयो भनेन सुशासन हुन्छ त्यसको निम्ति आछ । अब हेलो मुख्यमन्त्री कक्ष जनताले प्रत्यक्ष रुपमा आफ्नो मुख्यमन्त्रीलाई कुरा गर्न पाउनुभछ आफ्नो गण्डकी प्रदेशको सरकार प्रमुखलाई कुराकानी गर्न पाउनु भछ । अनि तो मुख्यमन्त्रीज्यूले तो कुरा सुन्ने बित्तिकै तुरुन्तै वहाँले सम्बन्धित मन्त्रालयलाई वा सम्बन्धित विभागलाई निर्देशन दिएर यति कुइक ढङ्गबाट कामहरु भैरहेको छ अहिले अब त्यतातिर हामीले केही पनि नदेख्ने यस्तो भयो भने के हुन्छ भने उही दृष्टीविहीनले हात्ति छामे जस्तो अध्यारोमा ढुङ्गा हाने जस्तो ढङ्गबाट हामीले कुरा गर्नुपर्नेको कुनै अर्थ रहदैन । त्यसो भएर यी धेरै कुराहरु मुख्यमन्त्रीको यो विनियोजित यो शिर्षकमा जे जति रकमहरु छुट्टाईएको छ अत्यन्त पारदर्शी ढङ्गबाट अत्यन्त व्यवस्थित ढङ्गबाट यी कुराहरु आएका छन् । यसको निम्ति म खास गरेर यो मुख्यमन्त्री कार्यालयलाई हार्दिक धन्यवाद दिन चाहन्छु आभार व्यक्त गर्न चाहन्छु । मुख्यमन्त्रीज्यूलाई हार्दिक आभार व्यक्त गर्न चाहन्छु धन्यवाद दिन चाहन्छु र अर्को यहाँ जति पनि अब अघि कुरा प्रसङ्गमा त्यतातिर धेरै जान चाहन्न हिजो कुनै जिल्लामा सरकार हुदाँ सत्र करोड आयो तर त्यो काम भएन अब त्यो बेलामा सरकार त्यस्तै थियो अनि अहिलेको सरकार त अब त दुई तिहाई नि पुगिसक्यो आज देखी त यहाँ प्रदेशमा नि जनमुखी सरकार छ प्रगतिशिल सरकार छ जनताको हकहितको निम्ति लागिरहेको सरकार छ । त्यसो भएर हिजो भएन होला त्यसो भएर हिजो भएन भनेर आज हुदैन  भन्ने ढङ्गले नजाउ अनि सरकार बनेकै बल्ल सवा वर्ष भयो हामीले यो नैराश्यता फिजाउँने ढङ्गबाट अभिव्यक्ति नदिनुस एक डेढ वर्ष त कम्तिमा जग निर्माण गर्न लाग्यो आधार निर्माण गर्न लाग्यो अब हेरौंन हामीले यो सरकार त एक वर्षलाई दुई वर्षलाई चुनेको हैन पाँच पाँच वर्षलाई जनताले चुन्नुभएको हो । पाँच वर्ष भित्र हामीले यो गण्डकी प्रदेशको कायापलट गर्ने ढङ्गबाट हामी अगाडि बढिरहेका छौँ । यसो भएर अब हामी कोही सत्ता पक्ष प्रतिपक्ष नभनौं अब छायाँ सरकार बनाई सकेपछी तपाईहरु सबै सत्ता पक्षनै भईयो । कोही पिओर सत्ता पक्ष कोही छायाँ सत्ता पक्षिय त्यसो भए समस्या नआउँला यसरी हामी अगाडि नबढौं भन्ने मलाई लाग्छ । त्यसो भएर हामीले नि धैर्यता गरौं बल्ल एक सवा एक वर्ष भएको छ । जग निर्माण भएको छ धेरै कुराहरु भएका छन्  अब हामीले हो भ्रष्टाचार छ विगतमा भन्दा तथ्यले  म भन्छु अघि कुरा आयो विगतमा भन्दा तथ्यले भ्रष्टाचार बढ्यो होला त्यो रेसियो कम भएको छ । नीति नियम कानूनहरु लागू हुनेतिर दिशातर्फ गएको छ । जनताले आज सरकार भएको प्रत्यक्ष ....जस्तै मेरै आफ्नै निर्वाचन क्षेत्रमा भनौं प्रदेश सरकार नभए भाए नयाँपुल देखि घान्द्रुक सम्मको पिच बाटोको शिलान्यास  भएर काम शुरु भैसक्थ्यो ? खहरे खोलामा सात करोडको पुलको काम शुरु हुन्थ्यो ? फेवातालको बारेमा जति कुरा गरौं आखिरी गण्डकी प्रदेश सरकार भएर न आठ दश करोड रुपैयाँ पऱ्यो । यस्ता धेरै ठाउँमा भएका छन् भो रातारात गर्न सकिदैन हिजोका सरकारले कतिपय राम्रा काम गरेनन् जनहितकारी अब यो सरकारसंग अपेक्षा धेरै छ आकांक्षा धेरै छ तर अब स्रोत कम छ सिमित श्रोत साधन कति मितव्ययी ढङ्गबाट हाम्रो मुख्यमन्त्रीज्यूले यो गण्डकी प्रदेश सरकार चलाई रहनुभछ । तपाईं हेरौंन हामी सबै कुरामा हेरौं । सेवा सुविधा नि अरु ठाउँमा र यहाँको हेरौं मन्त्रीज्यूहरुको नि हेरौं अरुनि हेरौं मितव्ययी ढङ्गबाट राम्रो ढङ्गबाट चलाईरहेको बेलामानि अनि यहि बेलामा भनेर एकदम बाहिर इनफरमल ठिक छ ठिक छ भन्ने मञ्चमा आईसकेपछी अनि मिडिया देख्ने बित्तिकै दिईहाल्ने ढङ्गबाट नगरौं हामी कसैले नि मेरो यति मात्र आग्रह छ हामीले यो सबै हामी एउटै डुङ्गामा सवार छौं विकास समृद्धिको समृद्धिको यो गण्डकी प्रदेश हामीले बनाउनु पर्छ त्यसको निम्ति हामी सबैले सहयोग गर्ने ढङ्गबाट हामी अगाडि बढौं । म यहि कुरा राख्दै माननीय सभामुख महोदय, यो जुन यो मुख्यमन्त्री कार्यालय अन्तर्गत विनियोजित जुन विधेयकहरु शिर्षकमा रकमहरु आएको छ अत्यन्त व्यवस्थित ढङ्गबाट आएको छ अब यसमा त्यही दुईटा कुरा छुट्यो । यसलाई थपेर मात्रै पारित गरौं एउटा भैपरिआउने खर्च राख्न पर्यो मुख्यमन्त्री कार्यालय अन्तर्गत अर्को विविधमा

(माननीय सभामुख - माननीय सदस्य समय सकियो)

शिर्षक राख्न पर्यो त्यो राखिएन भने जम्मैले मुख्यमन्त्री कार्यालयमै अपेक्षा गर्छन् तो दुईटा शिर्षक थपेर यसलाई पारित गर्दा राम्रो होला भन्ने लाग्छ । धन्यवाद।

## माननीय सभामुख

माननीय सदस्यहरु, आजको लागि यो छलफल यहिँ समाप्त हुन्छ । माननीय सदस्यहरु, अब यो बैठक मिति २०७६ साल असार २० गते दिउसो १२.०० बजे सम्मको लागि स्थगित हुन्छ ।

(समाप्त)